## अध्याय एक

## शोध परिचय

### *पृष्ठभूमि*

'मैया साहेब' कथाको कथाबस्तु मैया साहेव कथाकार भावनी भिक्षुका उत्कृष्ट मनोवैज्ञानिककथा हो । यस कथाको मुख्य नायिका मैया साहेव हुन् । उनको नामकरणमा कथाको शीर्षक राखिएको छ । यस कथामा राणा परिवारकी छोरी मैया साहेव र त्यसघरमा काम गर्ने अधिकारीका छोरा पात्रको नाम अजय अव्यक्त प्रेम कथा पाइन्छ । यस कथामा मैया साहेव र अजय दुवैले एक अर्कामा आन्तरिक ह्रदयवाट चाहे पनि उनीहरुका माझमा वर्ग र स्थरको ठूलो पर्खाल थियो र जसलाई नाङघनु सम्भावत थिएन यस कथामा मैया साहेवको कृलिष्ट मनोवृती पाइन्छ । कथामा अजयको र मैया साहेवको प्रेम प्रतिको चिन्तन धारामा पनि भिन्नता पाइन्छ । अजयको निम्ति प्रेम आफूले चाहेको कुरो पाउनु हो भनि मैया साहेबको निम्ति प्रेमको महत्व पाउनुमा होइन त्यागमा निह्ति हुन्छ ।

भवानी भिक्षुले मानव मनमा रहेका विभिन्न भावहरुको सहज निस्काषन आवश्यक भएको तथ्यलाई यसकथामा देखाएका छन् कथाकार भवानी भिक्षुको परिचय कथाकारले यसकथामा नारी चरित्रलाई अभिव्यक्ति दिने प्रयास गरेका छन् । कथामा मानव मनमा रहेको प्रेम, दया, माया, स्नेह, ईष्या र तिरस्कार जस्ता मानवीय प्रवृतिहरुको उतार-चढावलाई प्रस्तुत गरेका छन् ।

यसरी सङ्कथन विश्लेषणका क्षेत्रमा केही अध्ययन अनुसन्धान भएको पाइन्छ यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग पुग्ने विश्वास गरिएको छ । यसरी हेर्दा उल्लेखित शीर्षक एवंम् विषयमा अध्ययनकार्य सम्पन्न भएपछि भवानी भिक्षुद्वारा लेखिएको भैया साहेव कथाको सङ्कथन विश्लेषण कोही कसैबाट पनि हालसम्म नभएकाले यो अनुसन्धेय विषय रहेको छ ।

'सङ्कथन' शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ् एस.ह्यारिस हुन् । उनले सन् १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठ टेक्सहरूमा भाषातत्वहरूको एकीकृत वितरण सम्बन्धी चर्चा गर्ने क्रममा 'सङ्कथन' शब्दको प्रयोग गरेका थिए (पौडेल, २०६९:१७) । कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिका समग्र भाषिक एकाइहरू सङ्कथन मानिन्छन् । कथ्य सङ्कथनहरू भाषाका कथ्य पाठसँग सम्बन्धित हुन्छन् भने लेख्य

सङ्कथनहरू भाषाका लिखित पाठसँग सम्बन्धित हुन्छन् र तिनै सङ्कथनात्मक एकाइहरूको नियम र सीमाहरूको खोजी गर्ने,अध्ययन अनुसन्धान गर्ने विषयलाई नै सङ्कथन विश्लेषण Discourse Analysis भनिन्छ (पौडेल, २०६९:१५) ।

सङ्कथन र सङ्कथन विश्लेषणका सम्बन्धमा केही विद्वानहरूले दिएका महत्त्वपूर्ण भनाईलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- डेल हाइम्सका अनुसार सङ्कथनका आफ्नै नियमहरू हुन्छन् जसको उपयोग बिना व्याकरणका नियमहरू काम नलाग्ने हुन्छन् (पौडेल,२०७३) ।
- नोम्स चम्स्की (सन् १९८०) का अनुसार सङ्कथन सामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो (पौडेल, २०६९) ।
- जेलिङ् एस. ह्यारिसले सङ्कथन भन्ने शब्दलाई वाक्यहरूको संयोजनका अर्थमा प्रयोग गरेका छन् ।
- सिनक्लियर र कोल्टहार्टका अनुसार सङ्कथन एउटा भिन्नै तह हो तर हामीहरू के कुरामा जोड दिन्छौ भने यस अन्तर्गत सीमित सङ्ख्यामा कथन कार्यलाई लिइएको हुन्छ । यिनको संयोजनबाट उच्चतर तहका भाषिक एकाइहरूको संरचनासम्बन्धी अनुमान गर्न सकिन्छ (ढङ्गेल र दाहाल, २०७४: २३५,२३६) ।

उपर्युक्त भनाइहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक कार्यहरूको विश्लेषण हो । यसमा शैक्षणिक दृष्टिकोणले मात्र नभई हरेक दृष्टिकोणबाट उपयुक्त संरचनागत विश्लेषण गरिन्छ र यसमा भाषाका साञ्चारिक कार्यहरूलाई एकत्रित गरी समष्टिगत रूपमा सञ्चारका बृहत् एकाइहरूको निर्माण गर्ने वाक्यगत बोलीहरूका बिचमा रहने सम्बन्ध बुनोट र तिनमा निर्मित सङ्गति र बनोटको विभिन्न प्रकारको निर्क्योल गर्नमा ध्यान दिइन्छ र व्यक्ति बोली वा अभिव्यक्ति सम्पादित हुने अवस्था अर्थ र आशयगत प्रकारमा के कति भाषा वैज्ञानिक नियमितता र अनियमितताको पालना र प्रदर्शन गरिएको छ भने कुराको अध्ययन, अनुसनधान, विश्लेषण र निर्क्यौलीकरणका प्रक्रिया सङ्कथन विश्लेषणमा अपनाइन्छ (पौडेल,२०७३:१७) । सङ्कथनहरू स्तरको भाषिक बनोट र व्याकरणमा जुनसुकै वाक्यहरू जस्तोसुकै परिवेश र विषयमा पनि सन्दर्भपूर्ण अन्वितिमा आवद्ध भएर आएका र अन्त वाक्यात्मक संरचना र सम्वद्धनका कुरा सङ्कथन विश्लेष्णमा एकदमै महत्त्वपूर्ण हुन्छन् । सङ्कथनको उद्देश्य

जहिले पनि सम्प्रेषणात्मक हुन्छ र त्यसमा वाक्यहरूले सिङ्गो सङ्कथनको घटकात्मक कार्य गरेका हुन्छन् । एउटा सङ्कथनमा पृथक पृथक वाक्यहरू स्वभावत: अर्थानुक्रम र अन्वितीमा भएर आएका हुन्छन् (पौडेल, २०६९:१८) ।

निष्कर्षमाः सङ्कथन भनेको सन्र्दभबद्ध भएर फैलिएको र प्रकटित भएको भाषिक स्वरूप हो । अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति नै सङ्कथनको मुख्य पहिचान भएकाले त्यो मानवीय सामाजिक अन्तक्रिया र अनुभवहरूको समग्र स्वरूप भएकाले यसको अध्ययन विश्लेषणको महत्त्व निकै उच्च रहेको देखिन्छ (पौडेल, २०७३:१९) ।

प्रस्तुत अध्ययन त्रिभूवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा.शि.५४४ को प्रयोजनका लागि तयार पारिएको छ ।

### *समस्याकथन*

प्रस्तुत शोधको मूल समस्याका रूपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाका सापेक्षतामा 'मैयासाहेबको कथामा' प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण गर्दै कथामा तिनीहरूको भूमिका केलाइएको छ । प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

क. 'मैयासाहेब' कथामा के कस्ता सम्बद्धकहरू प्रयोग गरिएका छन् ?

ख. प्रस्तुत कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?

ग. प्रस्तुत कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

### *अध्ययनका उद्देश्यहरू*

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क. 'मैयासाहेब' कथामा प्रयुक्त सम्बद्धकको अध्ययन गर्नु,

ख. प्रस्तुत कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

### *अध्ययनको औचित्य र महत्त्व*

प्रस्तुत कथामा गरिने सङ्कथन विश्लेषणले सङ्कथन र यसका युक्तिहरू, सम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन गर्ने गराउने शिक्षक, विद्यार्थी, कथाकार, समालोचक, भाषा

पाठ्यक्रम विद् अनुसन्धानकर्ता, भाषा वैज्ञानिक सबैलाई यसले सहयोग पुऱ्याएको छ ।

प्रस्तुत अध्ययन मैयासाहेब कथामा प्रयुक्त व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक, कालिक, प्रतिस्थापन, स्थानिक, संयोजक, लोप र निपातको सम्बद्धकको विश्लेषणमा केन्द्रित रहेको यस अध्ययनले सङ्कथन विश्लेष्णका बारेमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षक दुवै पक्षलाई सहयोग गर्ने हुनाले पनि यो शोध अथवा अध्ययनको औचित्य बढ्न गएको छ ।

शिक्षक र विद्यार्थीलाई सन्दर्भ सामग्रीको रूपमा सहयोग गर्दछ । त्यसैगरी कथाकार र समालोचकहरूलाई प्रदान गर्दछ । यसको माध्यमबाट विषयवस्तुको गहन अध्ययन गर्न मद्दत पुग्दछ । यसको माध्यमबाट विषयवस्तुको राम्रा र नराम्रा पक्षको बारेमा समालोचना गर्न मद्दत पुग्दछ । त्यसैगरी पाठ्यक्रमविद्, अनुसन्धानकर्तालाई कुन पक्षमा कस्तो खालको विषयवस्तु समावेश गर्ने विद्यार्थीको रूची तह अनुसार कुन पक्षमा बढी छ त्यसको बारेमा अध्ययन गर्न मद्दत पुऱ्याएको हुन्छ यस्तै गरेर भाषा वैज्ञानिकलाई विद्यार्थीको मनोवैज्ञानिक पक्षको बारेमा बुझ्न यसले सहयोग गर्दछ ।

*अध्ययनको सीमाङ्कन*

प्रस्तुत अध्ययनको निम्नलिखितको सीमाङ्कन गरिएको छ :

(क) 'मैयासाहेब' कथामा प्रयुक्त सम्बद्धन र सम्बद्धकमा आधारित भएर सङ्कथन अध्ययन विश्लेषण गरिएको छ ।

(ख) प्रस्तुत शोध कथाकार भवानी भिक्षुको 'मैयासाहेब' शीर्षक कथाको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

*पारिभाषिक पद/पदावली*

यस शोध प्रस्तावमा प्रयोग भएका केही पारिभाषिक शब्दहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

कथा : घटना र पात्रको आख्यानात्मक प्रस्तुती

प्रस्तोता : सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति

बोद्धा : प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति

माध्यम : सङ्कथनलाई प्रवाह गर्ने भाषा

कोड : भाषिक प्रतिबिम्ब

परिवेश : घटना घटित स्थानको वातावरण

सङ्कथन : भाषाको सबै भन्दा माथिल्लो र पूर्ण एकाइ

सम्बद्धक : अभिव्यक्तिमा जोड्कका रूपमा प्रयोग हुने भाषिक जोर्नी

सम्बद्धन : दुई वाक्यहरूका बीचमा अर्थगत् सम्बन्ध जोड्न आउने घटक

***शोधपत्रको रूपरेखा***

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसारको रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन : अध्ययन विधि/ प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सर्न्दभ सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

## सैद्धान्तिककार्यको पुनरावलोकन

### *पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना*

अधिकारी (२०७४) द्वारा सामाजिक र प्रायोगिक भाषा विज्ञान भन्ने पुस्तक लेखिएको छ। उक्त पुस्तकमा खण्ड 'क' र खण्ड 'ख' भनी शीर्षक समावेश गरिएको छ। उक्त खण्डमा जम्मा पृष्ठ ३१७ सम्म रहेको छ। पृष्ठ १०३ देखि प्रायोगिक भाषा विज्ञानलाई समावेश गरिएको छ। यस पुस्तकमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ भनिएको छ। सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो पनि भनिएको छ।

खण्ड 'ख' मा समावेश गरिएको सङ्कथन विश्लेषण अन्तर्गत पृष्ठ २६७ देखि २७१ सम्ममा सङ्कथन विश्लेषणको परिचय, पृष्ठभूमि र विकास, महत्त्व र कथ्य र लेख्य सङ्कथनलाई समावेश गरिएको छ। त्यसैगरी पृष्ठ २७२ देखि २७७ सम्ममा सङ्कथनका युक्तिहरू भनी चर्चा गर्दै सम्बद्धकको भूमिका, त्यसको प्रकृति भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशिय अर्थ सम्बन्धलाई उल्लेख गरिएको छ भने सम्बद्धनको भूमिकाको पनि व्याख्या गरी सङ्कथनका तत्त्वहरू भनेर प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड, परिवेशलाई समावेश गरिएको छ र अन्त्यमा पृष्ठ २७७ देखि २७८ सम्ममा सङ्कथन विश्लेषण र शीर्षकलाई टुङ्याइएको छ।

ढकाल (२०६९/७०) द्वारा प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम भन्ने पुस्तक लेखिएको छ। उक्त पुस्तकमा जम्मा ११ (एघार) ओटा एकाइ समावेश गरिएको छ। यसअन्तर्गत एकाइ दुईमा सङ्कथनलाई सिङ्गो वा पूर्ण अभिव्यक्तिका रूपमा चर्चा गरी सङ्कथन भाषाको उच्चत्तम एकाइ हो भनिएको छ। विधाको संरचना, त्यसको सैद्धान्तिक अवधारणा र सङ्कथन विश्लेषण भिन्न भिन्न हुन्छन् पनि भनिएको छ।

एकाइ दुईमा समावेश गरिएको सङ्कथन विश्लेषणअन्तर्गत पृष्ठ १८, १९, २०, २१ र २२ मा सङ्कथन विश्लेषणको परिचय र परिभाषा, सङ्कथन विश्लेषणमा भिन्नता हुने कारण (विधागत संरचना, विश्लेषण पद्धति, विश्लेषण) भनी उल्लेख गर्दै यसको महत्त्व र कथ्य र लेख्य सङ्कथनको पनि चर्चा गरिएको छ। यसरी नै पृष्ठ २२ मा सङ्कथनका

युक्तिहरू भनी सम्बद्धक र सम्बद्धनलाई भनिएको छ । त्यस्तै गरी पृष्ठ २३, २४, २५, २६ मा सम्बद्धकका प्रकार भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, लोप, पुनरावृत्ति, प्रतिस्थापन र कोशीय अर्थ सम्बन्धलाई उल्लेख गरी सम्बद्धनको पनि व्याख्या गरिएको छ । त्यसैगरी पृष्ठ २७, २८, २९, ३० मा यसको तत्त्व भनी प्रस्तोता, प्राप्क, माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक संकेत, परिवेशलाई समेटिएको छ भने सङ्कथन विश्लेषण र भाषा शिक्षणको उपयोगिताको पनि चर्चा गरी दोस्रो एकाइको समाप्ति गरिएको छ ।

पौडेल(२०६९) द्वारा प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू भन्ने पुस्तक लेखिएको छ । जसअन्तर्गत एकाइ दुईमा सङ्कथन विश्लेषण रहेको छ । उक्त एकाइमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ हो भनी व्याख्या गरिएको छ । सोही एकाइमा सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक कार्यको विश्लेषण हो,पनि भनिएको छ । एकाइ दुईअन्तर्गतको सङ्कथन विश्लेषणमा सङ्कथनको परिचयलाई पृष्ठ १५, १६, १७ र १८ मा उल्लेख गरिएको छ । त्यसैगरी सङकथनको सैद्धान्तिक अवधारणा र कथ्य सङ्कथन र लेख्य सङ्कथनलाई पृष्ठ १९, २०, २१, २२ र २३ मा उल्लेख गरिएको छ । त्यसैगरी सङ्कथनका युक्तिहरू भनी सम्बद्धक, सम्बद्धन, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थिमूलकता र पाठात्मक अन्तर्सम्बद्धकता/पाठान्तरतालाई पृष्ठ २३ मा राखिएको छ भने सम्बद्धकका प्रकारहरू, सार्वनामिक सम्बद्धक, स्थानिक तथा कालिक सम्बद्धक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थ सम्बन्ध र अन्यलाई पृष्ठ २४, २५, २६ मा क्रमशः उल्लेख गरिएको छ । यसरी नै पृष्ठ २७, २८ र २९ मा सम्बद्धनको भूमिका उल्लेख गरिएको छ । त्यसैगरी क्रमशः पृष्ठ २९ मा सङ्कथनका तत्त्वहरू भनेर प्रस्तोता/वक्ता, बोद्धा, माध्यम/मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय/कोड र परिवेशलाई समावेश गरी पृष्ठ २९ देखि ३१ सम्म तिनीहरूको व्याख्या गरिएको छ र अन्त्यमा पृष्ठ ३१, ३२, ३३ मा सङ्कथन विश्लेषण र भाषा शिक्षणको उपयोगितालाई प्रस्तुत गरी एकाइ दुई समाप्ति गरिएको छ ।

न्यौपाने र अन्य (२०६९) द्वारा सामान्य भाषाविज्ञान पुस्तक लेखिएको छ । उक्त पुस्तकमा जम्मा ९ ओटा एकाइहरू समावेश गरिएको छ । ती एकाइहरूलाई जम्मा पृष्ठ सङ्ख्या ३३१ सम्ममा व्याख्या विस्तार गरी प्रस्तुत गरिएको छ ।

एकाइ एकमा उल्लेखित पृष्ठ १३ मा भाषाविज्ञानका शाखाहरू छन् । त्यस शाखाअन्तर्गतको मुख्य शाखाको रूपमा पृष्ठ २१ मा सङ्कथन विश्लेषणलाई पनि समावेश गरी व्याख्या गर्ने प्रसंगमा सङ्कथन विश्लेषणलाई वाक्यभन्दा माथिल्लो एकाइ सङ्कथन हो भनी भनिएको छ । यसअन्तर्गत वाक्यभन्दा माथिल्लो एकाइ भनी त्यस बुँदालाई टुङ्ग्याएको छ ।

*सम्बन्धित कार्यको समीक्षा*

भण्डारी (२०७३) द्वारा त्रि.वि. शिक्षा शास्त्र सङ्कायअन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'अछुत जातीलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषणमा शोधकार्य भएको पाइन्छ । उक्त शोधकार्यका पाँच अध्यायहरू र ७८ पृष्ठ सङ्ख्या रहेको पाइन्छ । पहिलो अध्यायमा पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्यहरू, अध्ययनको प्राक्कल्पना, अध्ययनको परिसीमा र पारिभाषिक शब्द रहेको पाइन्छ । त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार (परिचय, परिभाषा, प्रकार), सङ्कथन विश्लेषण र यसको सैद्धान्तिक अवधारणा, सङ्कथन विश्लेषणका परिभाषाहरू, सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू(उर्ध्वगमन, अद्योगमन, मिश्रित) । अध्याय तीनमा अध्ययनको प्रक्रिया र विधि रहेको छ भने अध्याय चारमाकथाकोपहिचान र विश्लेषण रहेकोछ ।

अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेको छ । उक्त शोधकार्यको समस्याकथन अन्तर्गत सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार पत्ता लगाउँनु, 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धमा के कस्ता सम्बद्धक र सम्बद्धनहरू प्रयोग भएका छन् ? थाहा पाउँनु, उक्त निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्ता लगाउँनु रहेको छ । उक्त शोधकार्यको उद्देश्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु, निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ ।

यस शोधकार्यमा मुख्यतया पुस्तकालयीय विधिको प्रयोगमा केन्द्रित रहेको पाइन्छ । यस शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । जसमा प्राथमिक स्रोतका रूपमा उक्त कथा नै रहेको छ भने द्वितीयक स्रोतका रूपमा विभिन्न सम्बन्धित पुस्तकहरू, अप्रकाशित शोधपत्र र सम्बन्धित लेख रचनाहरूको उपयोग गरिएको छ । यस शोधको नमुनाको लागि उक्त निबन्धका ११० ओटा वाक्यहरूलाई लिइएको छ । जसमा छुट्टाछुट्टै

तालिका बनाई सम्बद्धकका प्रकारका आधारमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै संरचनामा छुट्याइएको छ । प्रस्तुत शोधपत्रमा तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरि गरिएको छ । प्रस्तुति चाहिँ वर्णनात्मक विधिले गरिएको छ । प्रस्तुत शोधपत्रमा तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरी गरिएको छ । निबन्धकार अनिल पौडेलद्वारा लिखित प्रस्तुत निबन्ध सम्बद्धन प्रयोगका दृष्टिले अन्वितिपूर्ण नै छ । प्रस्तुत निबन्ध पनि सरल वाक्यगठन र अभिधात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध बनेको छ । समग्रमा प्रस्तुत निबन्ध सम्बद्धक प्रयोगका दृष्टिले उपयुक्त रहेको छ भन्ने निष्कर्ष उक्त शोधको रहेको छ (भण्डारी, २०७३:६९) ।

उक्त शोधकार्यमा 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण गरिएको छ भने मेरोप्रस्तुत  शोधकार्यमा'मैयासाहेब' कथामा सङ्कथन विश्लेषण रहेको छ ।

धिमिरे (२०७४) द्वारा त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषणको शोध कार्य भएको पाइन्छ । पाँच अध्याय रहेको यस शोध कार्यमा जम्मा ७० ओटा पृष्ठ सङ्ख्या रहेको छ । यस शोध कार्यको पहिलो अध्याय एकमा शोध परिचयअन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य तथा महत्त्व, अध्ययनको उद्देश्यहरू, शोधको परिसीमा रहेको छ । त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना भनी शीर्षक दिई उपशीर्षकहरू पूर्वकार्यको समीक्षा, पुनरावलोकनको उपाद्देयता, सैद्धान्तिक ढाँचा, सङ्कथन विश्लेषणको परिचय, अवधारणात्मक ढाँचा रहेको छ । त्यसरी नै अध्याय तिनमा अध्ययनको प्रक्रिया भनी अध्ययनको संरचना, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियालाई उल्लेख गरिएको छ । यसै प्रकारले अध्याय चारमा व्याख्या तथा विश्लेषण रहेको छ भने अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ ।

उक्त शोध कार्यको समस्याकथन अन्तर्गत

क. 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

ख. 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

ग. उक्त मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता के कस्तो छ ? भने उद्देश्यअन्तर्गत,

क. सपरिवार छोराले देश छोडेको रात' मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

ख. उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु,

ग. मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता केलाउनु ।

यस शोधकार्यको अध्ययन विधिअन्तर्गत पुस्तकालयीय विधिको प्रयोगबाट समाग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा प्रा.डा. टङ्कप्रसाद न्यौपानेको 'सपरिवार छोराले देश छोडेको रात' मनोवादलाई लिइएको छ । त्यसरी नै द्वितीयक स्रोतका रूपमा विभिन्न सहयोगी पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, सम्बन्धित विषयसँग सम्बन्धी लेख रचनाहरू रहेको पाइन्छ । तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा पुस्तकालयीय विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरेको छ ।

निष्कर्षमा प्रस्तुत मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता हेर्दा मनोवाद भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण नै छ । बोधगम्यता र अर्थपूर्णता समेतका आधारमा समेत पठनयोग्य र उपयुक्त छ । प्रस्तुत मनोवाद सङ्कथन विश्लेषणको अध्ययन अर्थात सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा अर्थपूर्ण रहेको छ ( **घिमिरे**, २०७४:६४) ।

उक्त शोधकार्य 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा सम्बद्धक र सम्बद्धनको प्रयोगका साथै यसको उपयुक्ततामा केन्द्रित रहेको देखिन्छ भने मैले गर्ने शोधकार्य 'मैयासाहेब' कथा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगमा केन्द्रित हुनेछ ।

**सापकोटा** (२०७४) द्वारा त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'कविताको परिशिष्ट निबन्धको सङ्कथन विश्लेषण' मा शोधकार्य भएको पाइन्छ । यस शोधप्रबन्धमा पाँच अध्याय समावेश भएका छन् साथै । यो  शोधमा जम्मा ४६ पृष्ठ सङ्ख्या रहेको छ । यसको अध्याय एकमा पृष्ठभूमी, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको परिसीमा रहेको छ ।अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार रहेको छ । जसअन्तर्गत सङ्कथनको परिचय, सङ्कथनको परिभाषा,

सङ्कथनको प्रकार,सङ्कथनका युक्तिहरू : सम्बद्धक र सम्बद्धन, सङ्कथन विश्लेषणका परिभाषाहरू, सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू : उर्ध्वगमन, अधोगमन र मिश्रित पद्धतिहरू रहेका छनव् । अध्याय तीनमा अध्ययनको प्रक्रिया र विधिरहेका छन् । जसअन्तर्गत पनि अध्ययनको संरचना, शोधमा प्रयोग गरिने नमुना, अध्ययनको नमुना छनोट प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया रहेको छ । अध्याय चारमा निबन्धको पहिचान र विश्लेषण र अध्याय पाँचमा कविताको साराशं, निष्कर्ष तथा सुझावहरू रहेको छ । उक्त शोधकार्यको समस्याकथन अन्तर्गत,

क. 'कविताको परिशिष्ट' निबन्ध मा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

ख. चर्चित निबन्धमा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

ग. चर्चित निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

साथै उद्देश्यअन्तर्गत

क. 'कविताको परिशिष्ट' निबन्धमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

ख. 'कविताको परिशिष्ट' निबन्धमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु तथा

ग. सम्बद्धक र सम्बद्धनका दृष्टिले 'कविताको परिशिष्ट' निबन्धको उपयुक्तता केलाउनु, रहेका छन्

यो शोध मूलत : पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । यस कविताको परिशिष्ट निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्तालगाउन विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतबाट समाग्री सङ्कलन गरिएको छ । जसमा सम्बन्धित पुस्तक, अप्रकाशित शोधपत्रहरू, सम्बन्धित लेख रचनाहरू  रहेकाछ । यस शोधकार्यको नमुनाको रूपमा कविताको परिशिष्ट निबन्धलाई नै लिइएको छ । प्रस्तुत शोध पत्रमा शीर्षशोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन र वर्णनात्मक विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

निष्कर्षमा प्रस्तुत निबन्ध सम्बद्धक र सम्बद्धनहरूको प्रयोग उपयुक्त र पाठको उनाई एवम् बुनाइका दृष्टिले निबन्ध अत्यन्त सबल देखिन्छ (सापकोटा, २०७४:२८) ।

धिमिरे (२०७४) द्वारा त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'जय भोली' निबन्धको सङ्कथन विश्लेषणको शोधकार्य भएको पाइन्छ । जसअन्तर्गत पाँच अध्याय समावेश रहेको पाइन्छ । साथै यो शोध

जम्मा ८६ पृष्ठको रहेको छ । यसको अध्याय एकमा पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्यहरू, अध्ययनको प्राक्कल्पना र अध्ययनको परिसीमा रहेको छ । अध्याय दुईमा पुर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारहरू रहेका छन् । जसअन्तर्गत सङ्कथनको परिचय, सङ्कथनको परिभाषा, सङ्कथनका प्रकार, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन, सङ्कथन विश्लेषणका सैद्धान्तिक अवधारणाहरू, सङ्कथन विश्लेषणका परिभाषाहरू, सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू : उर्ध्वगमन, अधोगमन र मिश्रित पद्धतिहरू सहित निष्कर्ष र ढाँचा रहेका छन् । अध्याय तीनमा अध्ययनको प्रक्रिया/विधि अन्तर्गत अध्ययनको संरचना, शोधमा प्रयोग गरिने नमुना, अध्ययनको नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया, रहेको छ । त्यस्तै गरेर अध्याय चारमा निबन्धको पहिचान र विश्लेषण रहेको छ भने अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू रहेका छन् । यस शोधकार्यको समस्याकथन अन्तर्गत

क. 'जय भोलि' निबन्धमा के कस्ता सम्बद्धकको प्रयोग भएका छन् ?

ख. प्रस्तुत निबन्धमा के कस्ता सम्बद्धनको प्रयोग भएका छन ?

ग. प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ? साथै उद्देश्यअन्तर्गत

क. 'जय भोलि' निबन्धमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु,

ख. प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु तथा

ग. सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु ।

यो शोध मूलतः पुस्तकालयीय विधिमा केन्द्रित रहेका छन् । यस जय भोलि निबन्धको सङ्कथन विश्लेषणमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउन विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतबाट समाग्री सङ्कलन गरिएको छ जसमा सम्बन्धित पुस्तक र लेखरचना रहेका छन् । यस शोधको नमुनाको रूपमा 'जय भोलि' निबन्धको सङ्कथन विश्लेषणलाई नै लिइएको छ । प्रस्तुत शोधपत्रमा शीर्ष शोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया पुस्तकालयीय स्रोतको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको छ । निष्कर्षमा प्रस्तुत निबन्धमा सम्बद्धन प्रयोग उपयोगिता र पाठको उनाइ एवम् तुनाइका दृष्टिले निबन्ध अत्यन्त सबल देखिन्छ (धिमिरे,२०७४) ।

भट्टराई (२०७६) द्वारा त्रि.वि. शिक्षा शास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत 'कोक्रो कथा'को सङ्कथन विश्लेषणको शोधकार्य भएको पाइन्छ । उक्त शोध प्रबन्धमा जम्मा ५ अध्याय समावेश छन् । साथै यो शोध जम्मा ८५ पृष्ठ सङ्ख्या रहेको छ । यसको अध्याय एकमा पृष्ठभूमि, समस्याकथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य र अध्ययनको परिसीमा रहेको छ । त्यस्तैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा रहेको छ । जसअन्तर्गत पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, सैद्धान्तिक संरचना सङ्कथनको परिचय, सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषणका पद्धतिहरू, सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन रहेका छन् । अध्याय तीनमा अध्ययनको विधि र प्रक्रिया रहेको छ । जसको उपशीर्षकमा अध्ययनको संरचना, तथ्याङ्क सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया रहेको छ । अध्याय चारमा कथाको व्याख्या तथा विश्लेषण र अध्याय पाँचमा कथाको सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । कोको कथाको सङ्कथन विश्लेषण शीर्षक रहेको उक्त शोधको समस्या कथनमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउनु र तिनको उपयुक्तता के छ ? भने उद्देश्यमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु साथै सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु रहेको छ ।

यो शोध मुलतः पुस्तकालयीय विधिमा केन्द्रित रहको छ । यस कोक्रो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउन विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतबाट समाग्री सङ्कलन गरिएको छ ।यस शोधको नमुनाका रूपमा'कोक्रो' कथालाई नै लिइएको छ भने द्वितीयक स्रोतको रूपमा सम्बन्धित पुस्तक, अप्रकाशित शोधपत्र तथा लेखरचना रहेको छ । प्रस्तुत शोधपत्रमा शीर्ष शोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा पुस्तकालयीय स्रोतको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिएको छ । निष्कर्षमा कथामा सम्बद्धक उपयुक्तता र पाठको उनाइ एवम् बुनाइका दृष्टिले कोक्रो कथा अत्यन्त सवल देखिन्छ ( भट्टराई,२०७६:७८) ।

यसरी सङ्कथन विश्लेषणका क्षेत्रमा केही अध्ययन अनुसन्धान भएको पाइन्छ यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग पुग्ने विश्वास गरिएको छ यसरी हेर्दा उल्लेखित शीर्षक एवंम् विषयमा अध्ययनकार्य सम्पन्न भएपछि भवानी भिक्षुद्वारा लेखिएको भैया साहेव कथाको सडकथन विश्लेषण कोही कसैबाट पनि हालसम्म नभएकाले यस सँग सम्बन्धित जानकारीहरू हासिल गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

*पूर्वकार्यको उपयोगिता*

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्नका लागि अन्शु भट्टराई (२०७६) 'कोक्रो' कथाको सङ्कथन विश्लेषण, एकराज धिमिरे (२०७४) 'जय भोली' निबन्धको सङ्कथन विश्लेषण, मञ्जु सापकोटा (२०७४) 'कविताको परिशिष्ट' निबन्धको सङ्कथन विश्लेषण, विद्यादेवी भण्डारी (२०७३) 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण र विकास धिमिरे (२०७४) 'सपरिवार छोराले देश छाडेको रात' मनोवादको सङ्कथन विश्लेषण शीर्षकमा गरिएका शोधपत्रहरूलाई आधार मानेर यो शोधकार्यलाई अघि बढाइएको छ । यी शोधहरूमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्विति र उपयुक्तता केलाइएको छ । अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणको क्षेत्रमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको देखिँदैन् । तसर्थ कथाकार भवानी भिक्षु द्वारा लिखित मैयासाहेब कथामा प्रयोग भएकोसम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधकार्यमा गरिएको छ । माथिका पूर्वकार्यहरूले प्रस्तुत शोधपत्रमा निम्नानुसार सहयोग पुऱ्याउनेछ ।

भट्टराई (२०७६) प्रस्तुत शोधकार्यको पृष्ठभूमि निर्माण, जनसङ्ख्या र नमुना छनोट र तथ्याङ्कका स्रोत निम्ति उपयोग गरिनेछ । समस्याकथन र उद्देश्य निर्धारणका निम्ति घिमिरे (२०७४) को उपयोग गरिएको छ । त्यसैगरी अध्ययनको सीमाङ्कनका लागि सापकोटा ( २०७४) को उपयोग गरिनेछ । अध्ययनको संरचनाका लागि भण्डारी (२०७३) को उपयोग गरिएको छ भने प्रारूप निर्माण, अध्ययनको औचित्य तथा महत्त्व, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रियाको निम्ति घिमिरे (२०७४) को उपयोग गरी प्रस्तुत शोधकार्यलाई अघि बढाइएको छ ।

***सैद्धान्तिक / धारणात्मक संरचना***

***सैद्धान्तिक अवधारणा***

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्नका लागि लेखकहरू माधवप्रसाद पौडेल ( २०६९) प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहाल ( २०६९) सामान्य र प्रायोगिक भाषाविज्ञान र टङ्कप्रसाद न्यौपाने र तुलसीराम घिमिरे ( २०६९) सामान्य भाषाविज्ञान भित्र रहेका सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्विती र उपयुक्तता केलाइनेछ । तसर्थ साहित्यकार तथा कथाकार भवानी भिक्षुद्वारा लिखित 'मैयासाहेब' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधकार्यमा गरिएको छ।

'सङ्कथन' शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ् एस.ह्यारिस हुन् । उनले सन् १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठ टेक्सहरूमा भाषातत्वहरूको एकीकृत वितरण सम्बन्धी चर्चा गर्ने क्रममा 'सङ्कथन' शब्दको प्रयोग गरेका थिए (पौडेल, २०६९:१७) । कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिका समग्र भाषिक एकाइहरू सङ्कथन मानिन्छन् । कथ्य सङ्कथनहरू भाषाका कथ्य पाठसँग सम्बन्धित हुन्छन् भने लेख्य सङ्कथनहरू भाषाका लिखित पाठसँग सम्बन्धित हुन्छन् र तिनै सङ्कथनात्मक एकाइहरूको नियम र सीमाहरूको खोजी गर्ने,अध्ययन अनुसन्धान गर्ने विषयलाई नै सङ्कथन विश्लेषण म्ष्कअयगचकभ ब्लबथिकष्क भनिन्छ (पौडेल, २०६९:१५) ।

सङ्कथनका युक्तीहरू :- डी वउग्रान्डे र ड्रेसलरले सङ्कथनका लागी सात प्रकारका युक्तिहरु रहने कुरा अगाडी सारेको पाइन्छ । उक्त मध्ये अभिप्रायमूलकता वक्ता  वा लेखक केन्द्रित युक्ति हो, जसमा वक्ता वा लेखकले  स्रोता वा पाठकले बुझ्ने  गरि आफ्ना वैचारिक आशय वा विषय वस्तु प्रस्तुत गरेको हुन्छ  स्रोता वा पाठकको ध्यानकेन्द्रित गर्न वक्ता  वा लेखकले अपनाउने गतिशील प्रवाह  र नियोजित उपाय नै सङ्कथनको स्तर निर्धारण गर्ने वक्ता वा लेखकले अपनाउने गतिशील प्रवाह र नियोजित उपाय नै सङ्कथनको स्तर निर्धारण गर्ने तत्व हो, जुन व्यक्तिपिच्छे र पाठपिच्छे फरक किसिमको हुन्छ ।

सम्बद्धक र सम्बद्धन नाममा दुई युक्तीहरु सङ्कथनमा अभिव्यक्त मानवीय अनुभवहरुलाई भाषाको उपयुक्त एकाइमा उन्ने वा अन्वितीपुर्ण बनाउने काममा निकै महत्वपूर्ण मानिन्छन् ।

सार्वनामिकः- सम्बद्धकहरू मध्ये सबभन्दा महत्वपूर्ण भूमिका सार्वनामिक सम्बद्धकहरूले खेलेका हुन्छन्  यस्ता सम्बद्धकहरूमा सर्वनाम शब्द र तिनवाट निर्मित यो, त्यो, जो, जे, जुन, को, के, कुन आदी सार्वनामिक विशेषण तथा यहाँ, त्यहाँ, जहाँ, जसरी, कसरी यसरी आदी सार्वनामिक क्रियायोगी पर्छन ।

सर्वनाम र सार्वनामिक शब्दहरु वाक्यका अग्र र पश्च सन्दर्भक भएर विचारलाई सुसंङ्गठित गर्ने कार्यमा भूमिकावान् हुन्छन् ।  जस्तै :-

अग्र  सन्दर्भक  :- यो सूर्यबाट निर्मित पिण्ड हो । यसले सूर्यको परिक्रमा गर्छ ।

पश्य सन्दर्भक :-   जुन सूर्यवाटै निर्मित भएको हो, जो करोड़ों  वर्ष पहिले सूर्य जस्तै निकै तातो थियो जसले सूर्यकै परिक्रमा गर्छ र जो गोल छ ;  त्यो  हो पृथ्वि

***स्थानिक तथा कालिक सम्बद्धक***

ठाउँ र समय श्रृङ्खला देखाउने वा स्थान र कालसँग वैचारिक सिलसिला जोड्ने सन्दर्भपूर्ण शब्द वा पदावलीहरूलाई स्थानिक तथा कालिक सम्बद्धक भनिन्छ (पौडेल, २०६९)यहाँ, त्यहाँ, उहाँ, कता, जता, त्यता, तल, माथि, भित्र बाहिर अगाडी , पछाडि, वाटामा, घरमा, वनमा, भैरहवाबाट, बजारतिर आदिले स्थानिक सन्दर्भ जनाउछन् भने अहिले, उहिले, पहिले जहिले, राति, सौंझ, दिउँसो, पोहोर, परार, बारम्बार, सधैं, पाँच वर्ष, अगि, २०६९ सालमा आदिले कालिक सन्दर्भ जनाउने काम गरेका हुन्छन् ।

***संयोजन***

परम्परागत रूपमा संयोजन भनेर चिनिने तथा वाक्य र. शब्दको अन्विति गाँस्न आउने रूप वा शब्दको भूमिकालाई संयोजन : भन्न सकिन्छ (पौडेल, २०६९) । विविध किसिमका सन्दर्भ वा सम्बन्ध दर्साउन आउने शब्द र पदावलीहरू पनि यसै अन्तर्गत पर्छन् । संयोजकका रूपमा र, तर, पनि, अति, अथवा, तापनि, नत्र, किनभने आदि देखिन्छन् । त्यस्तै वियोजनका निम्ति आउने न, नत, तापनि भए / परे/खाए पनि आदि वैपरीत्य देखाउने कि, वा, किन्नु परन्तु आदि : अधीनस्थता देखाउन आउने सित, सँग, तिर आदि विविध किसिमका सन्दर्भ वा सम्बन्ध, दर्साउन आउने शब्द र पदावलीहरू पनि यसै अन्तर्गत पर्छन् । यस्तो संयोजनले पाठलाई सुसम्बध बनाउन सहयोग गर्दछ ।

***पुनरावृत्ति***

सङ्कथनात्मक घटना क्रमका सन्दर्भमा कतिपय शब्द, पदावली, उपवाक्य वा वान्यहरू पुरै वा आंशिक रूपमा पुनरावृत भएर पनि सम्बद्धकको काम गरेका हुन्छ । सम्बद्धक भनेका भाषाबद्ध वा भाषिक युक्ति भएकाले कतिपय सन्दर्भमा एउटै भाषिक एकाइ वा आइटमको आवृत्तिले पनि सम्बद्धकको काम गरेका हुन्छन् (पौडेल, २०६९)।

*प्रतिस्थापन*

भण्डारी र अन्यका अनुसार प्रतिस्थापनबाट सम्बद्धता जनाउँदा कुनै पूर्णप्रयुक्त पद, पदावलीका सट्टा अर्कै पद, पदावलीको प्रयोग गरिन्छ तर यसले अर्थस्तरमा भने भिन्नता ल्याउँदैन (२०६९:२०) । यसले भाषिक अभिव्यक्तिलाई छोट्याउने र उही भाषिक एकाइलाई पटकपटक दोहोरिनबाट जोगाउँछ ।

*लोप*

लोपको अर्थ हराउनु भन्ने हुन्छ । वाक्यमा कुनै खास भाषिक एकाइको प्रयोग नगरिएका लोप भएको मानिन्छ । लोप भएका भाषिक प्रसङग वा आइटमहरू श्रोता वा पाठकहरूले सहज ढङ्गले बुझ्न सक्ने र व्याख्या गर्न सकिने खालका हुन्छन् ।

*कोशीय अर्थ सम्बन्ध*

सङ्कथनमा वैचारिकता तथा घटनाको शृङ्खला अन्तरसम्बन्ध जोड्न कोशीय अर्थ सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सङ्कथन वा पाठमा विविध अर्थ सम्बन्ध भएका पर्यायवाची, अनेकार्थी, लघुतावाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, स्थुलवाची लघुवायी आदि विविध शब्दहरूको पनि उल्लेख रहन सक्छ ।

*अन्य*

सङ्कथनका सम्बद्धकहरू मध्ये विचलन, समानान्तरता, अनुप्रासिक प्रयोग तुकबन्दी शब्दान्तर जस्ता कुराहरूले पनि भाषिक उपकरणका दृष्टिले सङ्कथनात्मक अन्तर्सम्बद्धता गाँस्ने उल्लेख्य सम्बद्धकको भूमिका खेलेको हुन्छ (पौडेल, २०६९) ।

*सम्बद्दन (कोहिरेन्स)*

पाठमा भएका भाषिक एकाइहरूबिचको आर्थी सम्बन्धलाई सम्बद्धन भनिन्छ । सङ्कथनको महत्त्वपूर्ण र आधारभूत पक्ष सम्बद्धता हो । वक्ताले भनेका वा लेखकले व्यक्त

गरेका अभिव्यक्तिलाई श्रोता वा पाठकले बुझ्न बा ग्रहण गर्न वक्ता-श्रोता वा लेखक पाठकका विचमा अपसी अन्तः सूत्र स्थापित हुनु सम्बद्धन हो ।

*सङ्कथनका तत्त्वहरू*

कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन् । ती भूमिका खेल्ने विविध पक्षहरू सङ्कथनका तŒव हुन । ती तŒवहरू :

*प्रस्तोता/ वक्ता*

सङ्कथनमा प्रस्तोता वा वक्ताको केन्द्रीय भूमिका हुन्छ । प्रस्तोता वा वक्तालाई अभिव्यक्तिकर्ता पनि भन्न सकिन्छ ।

*बोद्धा*

बोद्धा भनेको श्रोता वा पाठक हो। सङ्कथनमा प्रस्तोता पछिको दोस्रो महत्वपूर्ण भूमिका बौद्धाको रहेको हुन्छ ।

*माध्यम/मार्ग*

सङ्कथन सञ्चारको भाषिक वा भाषेतर आधारलाई नै माध्यम वा मार्ग भनिन्छ । यसले प्रस्तोता र बोद्धाबीच सम्बन्ध स्थापित गर्न महत्त्वपूर्ण कार्य गर्दछ ।

*सूचनाको स्वरूप*

सूचनाको स्वरूप भनेको सङ्कथनात्मक शैली वा विद्या विविधता हो । छलफल ,ठट्टा, गफ, चिठी, वादविवाद, वर्णन, विज्ञापन आदिमा एकै खालका विषयवस्तुलाई भिन्नभिन्न ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यी विषयले पनि सङ्कथनमा प्रभाव पार्दछन् ।

*शीर्षक*

कुनै पनि पाठको केन्द्रित अभिव्यक्ति नै त्यसको शीर्षक हो । यसलाई विषयको रूपमा उल्लेख गरिन्छ । सङ्कथनका शर्षिक वा विषय आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विवरणात्मक भाषात्मक, नाट्यात्मक, सूचनात्मक हुन्छन् । यो सङ्कथनको महत्त्वपूर्ण पक्ष हो ।

### *कोड*

कोड भनेको भाषा हो । भाषाको विविध स्वरूप पनि हो (पौडेल, २०६९:३०)। कुनै सङ्कथन मानक कोडमा प्रस्तुत गरिएको हुन्छ भने कुनै संकथन. स्थानीय कोडमा पनि प्रस्तुत भएको हुन्छ ।

### *परिवेश*

परिवेश भनेको बाहय वा आन्तरिक परिस्थिति वा वातावरण सम्बन्धी सन्दर्भ परिप्रेक्ष्य वा वस्तुस्थिति हो । घर परिवार, हाट बजार, बैठक सेमिनार, सभा, समारोह, नियात्रा, भलाकुसारी आदि विभिन्न खालका औपचारिक, अनौपचारिक सन्दर्भ अनुसार सङ्कलनको स्वरूपमा भिन्नता वा विविधता सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिबिम्बित गर्दछ ।

***धारणात्मक संरचना***

यस शोधकार्यको अवधारणालाई निम्नानुसारको ढाँचामा प्रस्तुत गरिनेछ :



## ध्याय तीन

## अध्ययनको विधि र प्रक्रिया

*अध्ययनको संरचना*

प्रस्तुत अध्ययनमा कथाकार तथा साहित्यकार भवानी भिक्षुद्वारा लिखित 'मैयासाहेब' कथाको सङ्कथन विश्लेषण गरिएको छ ।सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर पुस्तकालयीय विधिलाई उपयोग गरी प्रस्तुत अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पनि पुस्तकालयीय स्रोतलाई नै प्रमुख रूपमा उपयोग गरिएको छ । यो विश्लेषणात्मक प्रकृतिको अध्ययन रहेको छ । प्रस्तुत शोधमा प्राथमिक स्रोतका रूपमा कथाकार भवानी भिक्षुद्वारा लिखित 'मैयासाहेब' कथा रहेको छ । यसैगरी यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका सङ्कथन विश्लेषण सम्बन्धी विभिन्न विद्वानहरूका लेखरचना, समालोचना समेटिएका पुस्तकहरू, पत्रपत्रिकाहरू तथा सम्बन्धित शीर्षकमा अग्रजहरूद्वारा तयार पारिएको शोधहरूको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

*जनसङ्ख्या र नमुना*

प्रस्तुत शोधकार्यमा साहित्यकार तथा कथाकार भवानी भिक्षुद्वारा लिखित कक्षा 'मैयासाहेब' को कथा नै सिङ्गो जनसङ्ख्या र नमुनाको रूपमा लिइएको छ ।

*तथ्याङ्कका स्रोत*

यस शोधकार्यमा तथ्याङ्कका स्रोत प्राथमिक र द्वितीयक स्रोतलाई मानिएको छ ।

*प्राथमिक स्रोत*

यस शोधपत्रमा अनुसन्धान कार्यका लागि प्राथमिक स्रोतका रूपमा साहित्यकार तथा कथाकार भवानी भिक्षुद्वारा लिखित 'मैयासाहेब' कथालाई लिइएको छ ।

**द्वितीयक स्रोत**

प्रस्तुत शोधपत्रमा द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू, विभिन्न सहयोगी पुस्तक, सैद्धान्तिक लेख, पत्रपत्रिका, विद्वानहरूका लेखरचना तथा शोधपत्रहरूलाई लिइएको छ ।

*तथ्याङ्क सङ्कलन प्रक्रिया*

प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलन पुस्तकालयीय विधिद्वारा गरिएको छ ।

*तथ्याङ्कको परीक्षण*

प्रस्तुत अध्ययनमा तथ्याङ्कको परीक्षणका लागि सम्बन्धितविषयसँग सम्बन्धित भाषा विशेषज्ञ र विषय शिक्षकहरूबाट गरिएको छ ।

# अध्यायः चार

## व्याख्या तथा विश्लेषण

'मैयासाहेब' कथाका कथाकार भवानी भिक्षुद्वारा लिखित सामाजिक मनोवैज्ञानिक कथामा आधारित सामाजिक मूल्यमान्यता साथै सांस्कृतिक प्रचलनका विविध अवस्थाको चित्रण गरिएको उत्कृष्ट रचना हो । यो अध्ययन यसै कथामा प्रयुक्त भएका सम्बद्धकमा आधारित सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

***मैयासाहेब कथाको प्रथम वाक्यहरूको प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण***

निर्धारित कथाको वाक्यमा रहेको सम्बद्धकहरूको विश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बीचमा बाह्य सम्बन्ध दर्शाउन आउने सम्बन्धहरूको विश्लेषण पनि गरिएको छ । कथामा रहेका प्रत्येक अनुच्छेदका वाक्यभित्र विद्यमान संरचनामा प्रयुक्त सम्बद्धकलाई समेत यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

(१) पहिलो अनुच्छेद : राणाशाहीको र आजको प्रजातन्त्रसमेतको गत १५ वर्षको मेरो मानसिकतामा यत्रतत्र गरी एउटा शृङ्खला नभएको जानकारीको क्रम छ ।

(२) ती सबै आज एकसूत्रमा उनिन चाहन्छन्, एउटा रूप लिन चाहन्छन् । अर्थात ती यत्रतत्र नरही कथा हुन चाहन्छन् । एउटा प्रभाव, अस्तित्व र आफ्नो एकांशको स्थापनासहित ।

*तालिका न. १*

*निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १/२ | संयोजन | र |
| | कालिक | आज |
| | कालिक | गत १५ वर्ष |
| | सार्वनामिक | मेरो |
| | स्थानिक | यत्रतत्र |
| | सार्वनामिक | ती |
| | कालक्रमिक | आज |

| | | |
|---|---|---|
| | पुनरावृति | चाहान्छन् |
| | संयोजन | अर्थात |
| | सार्वनामिक | ती |
| | स्थानिक | यत्र/तत्र |
| | संयोजन | र |
| आफ्नो | सार्वनामिक | |

निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या १/२ मा संयोजन तीन पटक, स्थानिक दुई पटक प्रयोग भएको छ, वाक्य सङ्ख्या एक र दुईमा सार्वनामिक दुई पटक, कालक्रमिक र पुनरावृत्ति एक-एक पटक प्रयोग भएको छ ।

*निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

३. पन्ध्र वर्षअगाडी को शासन सम्बन्ध एउटा विशिष्ट परिवारकी एक जना मालिक्नी थिइन्, सबै महारानी भन्दथे ।

४. उनका दुई जना आफ्नै छोरी, दुई छोरा थिए ।

५. उनकै एउटी भित्रिनी पट्टिको सौतेनी पनि एउटी छोरी थिइन् ।

६. सौतालाई दिने घृणा र हीनता अरूतिर ब्याउनलाई सौताकी छोरीलाई पनि महारानीज्यूले लगभग आफ्नै छोरीहरूको कक्षामा राखेकी थिइन् : अर्थात् सौतालाई अप्रत्यक्ष तर लगातार यस चेतनाले घोची नै रहोस् कि उनकै छोरी भए पनि त्यो विशिष्ट उब्जा हो विशिष्ट सन्तान हो र आमा भए पनि छोरीकै तुलनामा सौताहींन हो, घृण्यहो, सानो हो, छोटो हो ।

७. यसरी आमा भएर पनि एउटा अव्यक्त पिरको बोध छोरीलाई देख्नेबित्तिकै उनी पाइरहन्थिन् र त्यस पिरमा कहाँसम्म भने आफैंले जन्माएकी सन्तानलाई पर्यन्त उनी सहभागी बनाउन सक्दिनथिन् ।

८. सन्तान, छोरी त्यस परिवारकी थिई र उसैले आफ्नो जन्मेको माध्यमले आमाको छोटो वंश, तुच्छताको विज्ञापन गरिरहे, पिर चाहिँ एकलौटी पारिदिएकी थिई, यद्यपि त्यो बालिका र अरू केटाकेटी मात्रै थिई ।

९. निश्चयः यो अनौठो मनोजैज्ञानिक सर्जन थियो ।

*तालिका सङ्ख्या २*

*निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक शब्द |
|---|---|---|
| ३/४ | कालिक | पन्ध्र वर्षा अगाडी |
| ४/५ | सार्वनामिक | उनका |
| | सार्वनामिक | आफ्नै |
| ५/६ | सार्वनामिक | उनैकी |
| | पुनरावृत्ति | एउटी |
| ६/७ | पर्यायवाची | घृणा/हीनता |
| | संयोजन | पनि |
| | सार्वनामिक | आफ्नै |
| | संयोजन | अर्थात |
| | संयोजन | तर |
| | सार्वनामिक | यस |
| | निपात | नै |
| | संयोजन | कि |
| | सार्वनामिक | उनकै |
| | संयोजक | पनि |
| | सार्वनामिक | त्यो |
| | पुनरावृति | विशिष्ट |
| | संयोजन | र |
| | संयोजन | पनि |
| | पर्यायवाची | घ्रन्य/सानो/छोटो |
| ७/८ | सार्वनामिक | यसरी |
| | संयोजन | पनि |
| | सार्वनामिक | उनी |
| | संयोजन | र |
| | सार्वनामिक | त्यस |
| | संयोजन | भने |
| | सार्वनामिक | आफैँ |

| | |
|---|---|
| सार्वनामिक | त्यस |
| संयोजन | र |
| सार्वनामिक | उसैले |
| सार्वनामिक | आफ्नो |
| संयोजन | यद्दपि |
| सार्वनामिक | त्यो |
| संयोजन | र |
| सार्वनामिक | यो |

निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या ३/४ मा कालिक एकपटक प्रयोग भएको छ। वाक्य सङ्ख्या ४/५ मा सार्वनामिक दुई पटक प्रयोग भएको छ। त्यसैगरी वाक्य सङ्ख्या ५/६ मा सार्वनामिक एकपटक र पुनरावृति एकपटक प्रयोग भएको छ। त्यसैगरी वाक्य सङ्ख्या ६/७ मा पर्यायवाची शब्द दुईपटक प्रयोग भएको छ भने संयोजन ६ पटक प्रयोग भएको छ। त्यसैगरी सार्वनामिक चार पटक प्रयोग भएको छ। त्यस्तै निपात, पुनरावृत्ति .र पर्यायवाची शब्द एक-एकपटक मात्र प्रयोग भएको छ। उक्त अनुच्छेदमा सबैभन्दा बढी संयोजन ६ पटक प्रयोग भएको छ।

*निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१०. त्यस बालिकामा आफ्नो महत्ताले क्रमिक रूपले विकास पाइरहेको थियो।

११. अरू उसमा विशिष्टता के थियो भने महारानीका छोरीहरूभन्दा अलिक भए पनि होची रहेर उसमा एकातिर मानवीयताको सन्तुलन भइरहे र त्यसबाट अहंकार र दर्प परै रहन गएको थियो। र आमा तथा अरूहरूभन्दा अलि उक्ली बस्न परेर बालिकामा स्वाभिमान र एउटा विशिष्ट मानवीय वस्तुले ठाउँ बनाउन लागेको थियो।

१२. अर्थात् उसको निर्माण क्रमशः पानीदार हुन लागेको थियो। 'स्वात्माबोध' भइरहेको थियो।

१३. परिवारका अन्य छोरीहरूसरह महारानीको संज्ञा पाउन नसके पनि 'मैयासाहेब' बोलाउने नाम हुन गैरबालिकाको एउटा सन्तुलित सत्ता बन्न गएको थियो, जसमा अहंकारको विष पनि थिएन र मनुष्यलाई तल झार्ने, तुच्छ बनाइदिने हिनताबोध पनि थिएन।

१४.वस्तुतः अब उनी स्वाभाविक रूपको स्वसत्तायुक्त मैयासाहेब थिइन ।

*तालिका न. ३*

*निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धक र विश्लेषण*

| क्रम सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ९/१० | सार्वनामिक | त्यस |
| | सार्वनामिक | आफ्नो |
| १०/११. | सार्वनामिक | उसमा |
| | प्रश्नवाचक | के |
| | संयोजन | भने |
| | संयोजन | पनि |
| | सार्वनामिक | उसमा |
| | सार्वनामिक | त्यसमा |
| | संयोजन | र |
| | संयोजन | र |
| | संयोजन | र |
| | स्थानिक | ठाउँ |
| ११/१२. | संयोजन | अर्थात |
| | सार्वनामिक | उस |
| १२/१३. | संयोजन | पनि |
| | संयोजन | जसमा |
| | संयोजन | पनि |
| | संयोजन | र |
| | संयोजन | पनि |
| | कालिक | अब |
| | सार्वनामिक | उनी |
| १०/११. | सार्वनामिक | त्यस |
| | सार्वनामिक | आफ्नो |
| १०/११. | सार्वनामिक | उसमा |
| | प्रश्नवाचक | के |
| | संयोजन | भने |

| | | |
|---|---|---|
| | संयोजन | भने |
| | संयोजन | पनि |
| | सार्वनामिक | उसमा |
| | सार्वनामिक | त्यस |
| | संयोजन | र |
| | संयोजन | र |
| | संयोजन | र |
| | स्थानिक | ठाउँ |
| ११/१२. | संयोजन | अर्थात |
| | सार्वनामिक | उस |
| १२/१३ | संयोजन | पनि |
| | संयोजन | जसमा |
| | संयोजन | पनि |
| | संयोजन | र |
| | संयोजन | पनि |
| | कालिक | अब |
| सार्वनामिक | उनी | |

निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या १०/११ मा सार्वनामिक पाँच पटक आएको छ ।निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या १०/११ मा सार्वनामिक (५) पाँच पटक प्रयोग भएको छ । प्रश्नवाचक चिन्ह एकपटक मात्र आएको छ । संयोजन शब्द पनि पाँच पटक प्रयोग भएको छ भने स्थानिक शब्द एकपटक मात्र प्रयोग भएको छ । त्यस्तै वाक्य सङ्ख्या ११/१२ मा संयोजन र सार्वनामिक एक-एक पटक प्रयोग भएको छ । त्यसैगरी वाक्य सङ्ख्या १२/१३ मा संयोजन पाँच पटक प्रयोग भएको छ । कालिक र सार्वनामिक एक-एक पटक प्रयोग भएको छ । उक्त अनुच्छेदमा सार्वनामिक शब्द सबैभन्दा बढी पाँच पटक प्रयोगमा आएको छ । उक्त अनुच्छेदमा संयोजन पनि सबैभन्दा बढी पाँच पटक प्रयोग भएको छ ।

*निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१५. त्यसै परिवारमा काम गर्ने एक जना अधिकारी थिएँ ।

१६. महारानीज्यूका कृपापात्र, साथै त्यस परिवारका साच्चैकै इमान्दार, शुभचिन्तक भएर

निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या ९५/९६ मा कालिक २ पटक, संयोजन १ पटक र सार्वनामिक २ पटक आएको छ। वाक्य सङ्ख्या ९६/९७ मा संयोजन २ पटक, सार्वनामिक ५ पटक, स्थानिक र पुनरावृत्ति १/१ पटक आएको छ, त्यस्तै गरेर वाक्य सङ्ख्या ९७/९८ मा सार्वनामिक २ पटक, कालिक १ पटक, संयोजन २ पटक र स्थानिक र निपात १/१ पटक आएको छ।

*निर्धारित कथाकोएकाईसौं  अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

९८. अजयले आफ्नी दुलहीलाई स्वास्नी जस्तो अँगाले पनि माया गर्न सकेन; साथै तत्कालीन राणाशासनको विरुद्ध एउटा गुप्त राजनीतिमा त्यसले भाग लिन थाल्यो।

९९. उसको घरमा उता अर्द्धमूक विरोध, प्रतिरोध र वादविवाद चल्न थाल्यो; कहिले दुलहीलाई लिएर, कहिले राजनीतिलाई लिएर। पत्ता पाएर एक दिन मैयासाहेबले अजयलाई एउटा चिठीमा लेखेकी थिइन्, 'थाहा पाएको छु, तिमीले आफ्नो स्वास्नीलाई उसको नारीत्व लिएर पनि उपेक्षित पारिराखेका छौ, के  साच्चिकै तिमीमा स्वादभन्दा अगाडी  स्नेहको विजाणु नै छैन र ? तिमी मेरो सामुन्ने प्यारको दाबा गर्न आएका थियौ; छिः अजय, यो केही पनि सहज होइन, स्वाभाविक होइन र प्रतिक्रिया भए पनि यो प्यारको प्रतिक्रिया होइन, कुनै

अर्के थोकको भए होला । १००. पत्नीको नारीदेह राम्ररी प्राप्त गरेछौ, प्यार दिन सकेनौ होइन ? लज्जा लागेन, यदि यसैलाई प्यारको प्रतिक्रिया मानेका छौ भने ठुलो भुल गरिरहेछौ, भ्रम सँगालिरहेका छौ, आफैँलाई ठगिरहेका छौ ।

१०१. सुन्दछु, तिमी कुनै गुप्त राजनैतिक षड्यन्त्रमा पनि उत्रेका छौ, विरोध छैन, तर भन त देशभक्तिले विह्वल भएर हो कि यसमा पनि कुनै प्रतिक्रिया छ, प्रतिक्रिया नै हो कि कुनै लालसा ? इत्यादि ।

*तालिका नं. २१*

*निर्धारित कथाको एक्काईसअनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ९८/९९. | सार्वनामिक | आफ्नी |
| | संयोजन | पनि |
| | संयोजन | साथै |
| | कालिक | तत्कालीन |
| | सार्वनामिक | त्यस |
| ९९/१००. | सार्वनामिक | उसको |
| | स्थानिक | घरमा |
| | विपरीतार्थी | विरोध/प्रतिरोध |
| | संयोजन | र |
| | विपरितार्थी | वादविवाद |
| | कालिक | कहिले |
| | कालिक | कहिले |
| | कालिक | एक दिन |
| | सार्नामिक | तिमी |
| | सार्वनामिक | आफ्नी |
| | सार्वनामिक | उसको |
| | संयोजन | पनि |
| | सार्वनामिक | के |
| | सार्वनामिक | तिमी |
| | स्थानिक | अगाडी |

| | | |
|---|---|---|
| | संयोजन | नै |
| | निपात | र |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | मेरो |
| | विश्मयादिवोधक | छि |
| | सार्वनामिक | यो |
| | संयोजन | पनि |
| | पुनरावृत्ति | होइन |
| | संयोजन | र |
| | संयोजन | भए पनि |
| | सार्वनामिक | यो |
| १००/१०१. | सार्वनामिक | यसैलाई |
| | पुनरावृत्ति | छौ |
| | सार्वनामिक | आफैं |
| १०१/१०२. | सार्वनामिक | तिमी |
| | संयोजन | पनि |
| | संयोजन | तर |
| | निपात | त |
| | निपात | कि |
| | सार्वनामिक | यसमा |
| | संयोजन | पनि |
| | संयोजन | नै |
| | निपात | कि |

निर्धारित वाक्य सङ्ख्या ९८/९९ मा १२ पटक सार्वनामिक आएको छ, संयोजन ८ पटक आएको छ, कालिक ४ पटक आएको छ, स्थानिक २ पटक आएको छ। विपरीतार्थी सम्बद्धक २ पटक आएको छ। त्यसैगरी निपात १ पटक आएको छ भने विश्मयाधिवोधक १ पटक आएको छ। त्यसैगरी वाक्य सङ्ख्या १००/१०१ मा सार्वनामिक २ पटक आएको छ भने पुनरावृत्ति १ पटक आएको छ। त्यसैगरी वाक्य सङ्ख्या १०१/१०२ मा सार्वनामिक २ पटक, संयोजन ४ पटक र निपात २ पटक आएका छ।

*निर्धारित कथाको बाइसौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१०२. यसपछि अत्यन्त त्वरित गतिले अनेकौँ परिवर्तन भए ।

१०३. मैयासाहेबको बिहा भयो, रक्तपरम्परामा मैयासाहेबकै अनुकूल श्रेणीका एक जना प्रौढ राणाज्यूका साथ । अजय राजनैतिक षड्यन्त्र जेलमा पऱ्यो र साल डेढ सालपछि एउटा क्रान्ति भएर राणाशासनको समाप्ति भयो, देशमा जनताको प्रजातान्त्रिक शासनको आरम्भ भयो ।

१०४. राजनैतिक बन्दीहरू बाहिर आएर कोही शासन कार्यमा आए, कोही अन्य कुनै पार्टीमा लागे ।

१०५. अजय पनि तत्कालीन अधिकाररुढ नेपाली कांग्रेसको एउटा सक्रिय साथै महत्व प्राप्त सदस्य भयो ।

१०६. सामन्त बर्गको हालत सरकारी आर्थिक सहायता, संरक्षण इत्यादि छुटेर तेजीसाथ बिग्रँदै गयो ।

१०५. सरकारी भत्ता र जागिरमा भएकाहरूको अवस्था दुवैबाट बञ्चित भएर, अझ तिनीहरूको रोहरवाफको अभ्यासले आयस्रोत नभएको व्ययद्वारा झन् खराब भयो ।

१०८. मैयासाहेबको पतिग्रहको अवस्था पनि आर्थिक अवसानतिरै लम्किरहेको थियो ।

*तालिका नं. २२*

*निर्धारित कथाको बाईस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १०२/१०३. | कालिक | यसपछि |
| | संयोजन | र |
| १०४/१०५. | स्थानिक | बाहिर |
| | सार्वनामिक | कोही |
| | सार्वनामिक | कोही |
| १०५/१०६ | संयोजन | साथै |
| १०६/१०७. | -------- | -------- |
| १०७/१०८. | संयोजन | र |

| | | |
|---|---|---|
| | स्थानिक | जागिरमा |
| | संयोजन | अझ |
| | सार्वनामिक | तिनीहरू |
| | संयोजन | झन् |
| १०८/१०९. | संयोजन | पनि |

निर्धारित तालिकाअनुसार वाक्य सङ्ख्या १०२/१०३ मा कालिक १ पटक आएको छ, त्यसैगरी १०३/१०४ मा संयोजन र कालिका १/१ पटक आएको छ, त्यसैगरी वाक्य सङ्ख्या १०४/१०५ मा स्थानिका १ पटक, सार्वनामिक २ पटक आएको छ। त्यसैगरी वाक्य सङ्ख्याका १०५/१०६ मा संयोजन २ पटक आएको छ भने कालिक एकपटक आएको छ। त्यसैगरी वाक्य सङ्ख्या १०६/१०७ मा कुनै पनि सम्बद्धक आएको छैन भने १०७/१०८ मा संयोजन २ पटक आएको छ, स्थानिक र सार्वनामिक १/१ पटक आएको छ भने वाक्य सङ्ख्या १०८/१०९ मा संयोजन मात्र १ पटक आएको छ।

*निर्धारित कथाको तेइसौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१०७. परिवर्तनको तात्कालिक अस्तव्यस्तता केही सुध्रेर देशमा तत्काल बनेको उत्तरदायी जनसरकार आल स्थिर र सशक्त भएपछि एक दिन सिनेमा हलमा मैया साहेबसँग अजयको भेट भयो।

१०८. आफ्नो लोग्नेसित परिचय गराउँदै मैया साहेबले अजयको स्वास्थ, उसकी दुलही र बच्चाको हाल समाचार, अजयका बाआमाको स्वास्थ, समाचार इत्यादि सोधिन र 'पिक्चर' सुरु भएपछि सबैले उतैतिर ध्यान दिए।

१०९. किन्तु, अजयले 'पिक्चर'को कथामा मन लगाउन सकेन।

११०. उसलाई लग्यो कि अझ पनि कतै कुनै ठुलो भेद छ र मैया साहेबमा पुरानो सत्ताजन्य परिपाटीक रबाफ नरहे पनि अजयले कल्पना गरिराखेजस्तो मैया साहेब लत्रिएकी पनि छैनन् अजयले यो पनि तच्छणै थाहा पायो कि अब जो शेष छ त्यो त्यस नारीको निर्माण नै हो र त्यो कदाचित कहिले पनि जाने छैन, यद्यपि अजयको कल्पनाको अप्रत्यासित कुरो थियो।

*तालिका नं. २३*

*निर्धारित कथाको तेइस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| १०७/१०८ | कालिक | तात्कालिक |
|---|---|---|
| | स्थानिक | देशमा |
| | कालिका | तत्काल |
| | संयोजन | र |
| | कालिक | एक दिन |
| | स्थानिक | सिनेमा हलमा |
| १०८/१०९ | सार्वनामिका | आफ्नो |
| | सार्वनामिक | उसकी |
| | संयोजन | र |
| | संयोजन | र |
| | स्थानिक | उतैतिर |
| १०९/११०. | संयोजन | किन्तु |
| ११०/१११. | सार्वनामिका | उसलाई |
| | संयोजन | कि |
| | संयोजन | पनि |
| | स्थानिक | कतै |
| | संयोजन | र |
| | कालिक | पुरानो |
| | संयोजन | पनि |
| | सार्वनामिक | यो |
| | संयोजन | पनि |
| | कालिक | तत्क्षणै |
| | संयोजन | कि |
| | कालिक | अब |
| | सार्वनामिक | जो |
| | सार्वनामिक | त्यो |
| | सार्वनामिक | त्यस |
| | निपात | नै |

| | |
|---|---|
| संयोजन | र |
| सार्वनामिक | त्यो |
| कालिक | कहिल्यै |
| संयोजन | पनि |
| संयोजन | पनि |
| संयोजन | यद्दपि |
| सार्वनामिक | कालिक |
| एक दिन | स्थानिक |
| सिनेमा हलमा | स्थानिक |

निर्धारित वाक्य सङ्ख्यामा कालिक ३६ पटक आएको छ भने स्थानिक २ पटक र संयोजन १ पटक आएको छ त्यस्तै गरी वाक्य सङ्ख्या १०९ मा सार्वनामिक २ पटक आएको छ, संयोजन २ पटक आएको छ भने स्थानिक १ पटक आएको छ ।

**निर्धारित कथाको चौबिसौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण :**

११० वाक्य सङ्ख्यामा संयोजन १ पटक आएको छ त्यसैगरेर १११ सर्वानामिक ७ पटक आएको छ भने संयोजन ९ पटक आएको छ, स्थानिक १ पटक आएको छ भने निपात १ पटक आएको छ ।

११२ सिनेमाबाट फर्केर राति ओछ्यानमा अजयलाई निन्द्रा परेन र ऊ कुन्नि केके सोच्दै कोल्टे फेर्दै लड़िरह्यो ।

११३ एउटा अप्रष्ट चेतनाले उसलाई लगातार घोच्दै रह्यो कि मैया साहेबलाई अजयले रति पनि प्रभावित गर्न सकेन, उनीहरूको रवाफ आज अजय जस्ताहरूको श्रेणीमा आए पनि मैया साहेब र अजय ठाउँको ठाउँमै छन् ।

११४ अजयलाई एउटा क्षोभ्, एउटा आक्रोश र पछिबाट एउटा अत्यन्तै अप्रकट सूक्ष्म अभिमानले समात्यो, तर आक्रोश क्षोभ कसकोप्रति थियो र त्यो अभिमान हो अथवा अहंकार, अजयले निधो गरी चेतनामा प्रष्ट पार्न सकेन ।

११५ भोलिपल्ट उस्ले एउटा निकै लामो चिठी मैया साहेबलाई लेखी गुप्त तवरले पठायो र दुईतीन दिनपछि आएको पत्रमा लेखेको उत्तर थियो, 'प्रेम गरेको छु भने मुक्ति छैन अजय, अप्रत्यक्ष भए पनि आज सत्ता सम्पन्न भएजस्तो भएर प्यारको अपमान गर्ने धीष्टता नगर न, मलाई पक्का थाहा छ तिमी राजनीतिक खेलाडी हैनौं, राजनीतिक दम्भी भए हौलाऊ

।तर त्यस दम्भको प्रयोग प्रेमभित्र गरेर यसभन्दा पनि बढ्ता आफूलाई नओराल न । मलाई दुःख लाग्छ, किन भने तिमीलाई म आज पनि त्यस्तै माया गर्दछु, प्यार गर्दछु, अत्यन्तै प्यार गर्दछु जस्ताको तस्तै । मेरो प्यार अझ पनि अविजेय छ अजय, तिमीबाट विजित हुने छैन ।

११६ हाम्रो सामाजिकता र श्रेणीको ओरालो प्रारम्भ भए पनि यो मेरो नजिक अप्रत्यासित कुरो थिएन; र यसबाट दुःख पाए पनि सहजभाव नै अँगालेको छु ।

११७ तिम्रो सहानुभूतिको आवश्यकता छैन, त्यो फिर्ता पठाएको छु तिमी नि सँगाली राख तर शिष्ठताले । त्यसका लागि धन्यवाद अवश्य ज्ञापन गरिरहेको छु ।

११८ एउटा अनुरोध छ, आफ्नो यस मैया साहेबलाई अब पुनः धन्यवाद दिनुपर्ने कुनै बाध्यतामा तिमीले ल्याउने चेस्ठा नगरी कृतज्ञ हुने छु ।

११९ आशा छ, यतिको मनुश्यता अवश्यमेव समात्ने छौ ।

*तालिका नं. २४*

*निर्धारित कथाको चौबीस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ११२/११३ | स्थानिक | सिनेमाबाट |
| | कालिक | राति |
| | स्थानिक<br>संयोजन | ओछ्यानमा<br>र |
| | सर्वनामिक | उ |
| | सार्वनामिक | के, के |
| ११३/११४ | सर्वनामिक | उसलाई |
| | कालिक | लगातार |
| | संयोजन | कि |
| | कालिक | रति |
| | संयोजन | पनि |
| | सर्वनामिक | उनि |
| | कालिक | आज |
| | संयोजन | पनि |
| | संयोजन | र |

| | | |
|---|---|---|
| | स्थानिक | ठाउँको |
| | स्थानिक | ठाउँमै |
| ११४/११५ | संयोजन | र |
| | कालिक | पछिबाट |
| | संयोजन | तर |
| | संयोजन | र |
| | सर्वनामिक | त्यो |
| ११५/११६ | कालिक | भोलिपल्ट |
| | सर्वनामिक | उसले |
| | संयोजन | र |
| | कालिक | दुई-तीन दिनपछि |
| | संयोजन | पनि |
| | कालिक | आज |
| | निपात | न |
| | सर्वनामिक | मलाइ |
| | सार्वनामिक | तिमी |
| | संयोजन | तर |
| | सार्वनामिक | त्यस |
| | कालिक | अब |
| | संयोजन | पनि |
| | सार्वनामिक | आफू |
| | निपात | न |
| | सार्वनामिक | मलाई |
| | संयोजन | किनभने |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | म |
| | कालिक | आज |
| | संयोजन | पनि |
| | पुनरावृत्ति | गर्दछु |
| | सार्वनामिक | मेरो |
| | संयोजन | पनि |

| | | |
|---|---|---|
| | विपरीतार्थी | अविजेय/अजय |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | त्यो |
| ११६/११७ | सार्वनामिक | हाम्रो |
| | संयोजन | र |
| | स्थानिक | ओरालो |
| | संयोजन | पनि |
| | सार्वनामिक | यो |
| | सार्वनामिक | मेरो |
| | स्थानिक | नजिक |
| | संयोजन | र |
| | सार्वनामिक | यसबाट |
| | संयोजन | पनि |
| | निपात | नै |
| ११७/११८ | सार्वनामिक | तिम्रो |
| | सार्वनामिक | त्यो |
| | सार्वनामिक | तिमी |
| | निपात | नै |
| | संयोजक | तर |
| | सार्वनामिक | त्यस |
| ११८/११९ | सार्वनामिक | आफ्नो |
| | सार्वनामिक | यस |
| | कालिक | अब |
| | सार्वनामिक | तिमी |
| ११९/१२० | सार्वनामिक | यति |

निर्धारित वाक्य सङ्ख्या ११२/११३ मा स्थानिक २ पटक, कालिक १ पटक, संयोजन १ पटक, सार्वनामिक २ पटक आएको छ वाक्य सङ्ख्या ११३/११४ मा सार्वनामिक २ पटक, कालिक ३ पटक, संयोजन ३ पटक, सस्थानिक १-१ पटक आएको छ वाक्य सङ्ख्या ११४/११५ मा संयोजन ३ पटक आएको छ ।

*निर्धारित कथाको पच्चीसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१२० तिमी आज पनि मेरो प्रिय छौ, आजन्म प्रिय नै रहने छौ; पूर्ण वयस्क र संसारको अनुभव पाएर निसंकोच भन्दछु कि यसबाट मेरो मुक्ति छैन, मुक्त हुन पनि चाहन्न किन भने यतिको प्यार गर्न सकेको छु, छातीको यस्तरी प्राण प्रवाह आजको दुरावस्थामा पनि सहज स्रोतमय राख्न सकेको कुरो मेरो निम्ति कम्ति गौरबको वस्तु हैन ।

१२१ तर खै अरू पनि तिमी त्यो बुझ्न असमर्थ छौ र हाँसो उठ्दछ कि आज सूक्ष्म रूपले लुकाएर पनि आफ्नो भरौटे सत्ता प्रदर्शित गर्न पनि तिमी चुकेनौँ ।

१२२ तिम्रो दोष यो हैन, तिमी जो हौ त्यही मात्र प्रस्ट हुन गएको छ ।

१२३ तिमीले उत्तर नै नदिनु पर्ने एउटा कुरा सोध्छु अजय के, तिम्रो यस मैया साहेबको मायाभन्दा बढ्ता गौरब तिमीले आफ्ना प्राप्त उच्छिष्ट सत्तालाइ दिएका छौ ? यसो छ भने छातीको अत्यन्त हाहाकारभित्र मैले सम्झनु पर्छ कि अत्यन्त अपात्रमा मेरो प्यार परेको छ ।

१२४ तर पहिले देखिने क्रमशः बुझ्दै गएर सहमालेर तिमीलाई प्यार (जोहो नगरी सुखै भएको थिएन)

१२५ गरेको छु, र आज जतिसुकै ठुलो हाहाकार वरण गर्नु परे पनि त्यसबाट मुक्त हुने बाटो छैन, मुक्त हुने चेष्ठा गर्ने दम्भ गर्दिन ।

१२६ अजय, हुन सक्छ भने गौरवान्वित होऊ, तिमी मेरो प्रिय हौ प्रिय पात्र होऊ ... ।

*तालिका नं. २५*

*निर्धारित कथाको पच्चीस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १२० | सार्वनामिक | तिमी |
| | कालक्रमिक | आज |
| | संयोजन | पनि |
| | सार्वनामिक | मेरो |
| | कालक्रमिक | आजसम्म |
| | निपात | नै |
| | संयोजन | र |

| | | |
|---|---|---|
| | सार्वनामिक | मेरो |
| | संयोजक | पनि |
| | संयोजन | किनभने |
| | कालक्रमिक | आज |
| | संयोजन | पनि |
| | सार्वनामिक | मेरो |
| १२१/१२२ | संयोजन | तर |
| | निपात | खै |
| | संयोजन | पनि |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | त्यो |
| | संयोजक | र |
| | संयोजक | कि |
| | कालक्रमिक | आज |
| | संयोजक | पनि |
| | सार्वनामिक | आफ्नो |
| | सार्वनामिक | तिमी |
| १२२/१२३ | सार्वनामिक | तिम्रो |
| | सार्वनामिक | यो |
| | सार्वनामिक | तिमी |
| | संयोजन | जो |
| १२३/१२४ | सार्वनामिक | तिमीले |
| | प्रश्नवाचक | के |
| | सार्वनामिक | तिम्रो |
| | सार्वनामिक | यस |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | आफ्ना |
| | प्रश्नवाचक | हौ |
| | संयोजन | भने |
| | सार्वनामिक | मैले |
| | संयोजक | भने |

| | | |
|---|---|---|
| | सार्वनामिक | मैले |
| | संयोजन | कि |
| | सार्वनामिक | मेरो |
| १२४/१२५. | संयोजन | तर |
| | कालक्रमिक | पहिलेदेखि |
| | सार्वनामिक | तिमी |
| १२५/१२६ | संयोजन | र |
| | कालक्रमिक | आज |
| | संयोजन | र |
| | संयोजन | पनि |
| | संयोजन | भने |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | मेरो |
| | पुनरावृत्ति | हो |

निर्धारित तालिकाको बाक्य सङ्ख्या १२०/१२१ मा सार्वनामीक चार पटक आएको छ, त्यसैगरी संयोजन पनि चार पटक आएको छ ।कालक्रमिक तीन पटक आएको छ, त्यसैगरी संयोजन पनि चार पटक आएको छ । निपात भने एकपटक आएको छ र सबैभन्दा बढी चार पटक सार्वनामिक र कालक्रमिक आएको छ ।

*निर्धारित कथाको छब्बिसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१२३/१२४. पत्र पाएर अजयको अप्रत्यक्ष चेतनाले नसम्झी सुख पाएँ कि अनन्त; सारा परिश्रम व्यर्थ गयो, सारा कश्तावरण मिथ्या भयो राजनीति पनि, जेलयातना पनि नेताई पनि उसले आज बल्ल सम्झ्यो कि हालै बितेको भुतामा उसले कति कठोर कष्ट भोगइसकेको छ तर व्यर्थैमा ।

कहाँसम्म भने छैन भएको भाँती र आएको परिवर्तनमा उसको केही छैन, उसले पाउन पनि केही पाएको छैन र गुमाएको मात्र छ ।

१२४/१२५. समातेको राजनीति उसको आफन्त होइन र हृदय व्यापारको प्राप्तिमा कुनै पनि लाभ्य पाइएन । एउटा विराट व्यर्थता उसको सामुन्ने नै उभ्यो जहाँ उसको परिवार पनि थिएन, स्वास्नी बच्चा पनि थिएनन् र राजनीति पनि थिएन ।

१२५/१२६. तर अब गर्नुपर्ने कुनै उपाए पनि थिएन, अतः राजनीतिको काममा आफूलाई अल्झाई नै राख्यो ।

*तालिका नं २६*

*निर्धारित कथाको छब्बिस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १२३/१२४ | सार्वनामिक | यो |
| | संयोजन | कि |
| | कालक्रमिक | अनन्त |
| | संयोजन | पनि |
| | स्थानिक | जेल |
| | विस्मयाधिबोधक | नेताई पनि । |
| | सार्वनामिक | उसले |
| | कालक्रमिक | आज |
| | संयोजन | कि |
| | कालक्रमिक | हालै |
| | कालक्रमिक | बितेको |
| | संयोजन | तर |
| | संयोजन | भने |
| | संयोजन | र |
| | सार्वनामिक | उसको |
| | संयोजन | र |
| १२४/१२५ | सार्वनामिक | उसको |
| | संयोजन | र |
| | सार्वनामिक | उसको |
| | सार्वनामिक | उसको |
| | संयोजन | पनि |
| | संयोजन | र |
| | संयोजन | पनि |
| | संयोजन | तर |
| १२५/१२६ | संयोजन | तर |

| | |
|---|---|
| कालक्रमिक | अब |
| सार्वनामिक | आफू |
| निपात | नै |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १२३/१२४ मा सार्वनामिक चार पटक आएको छ, संयोजन सात पटक आएको छ र कालक्रमिक चार पटक आएको छ भने स्थानिक एक पटक मात्र आएको छ, त्यसैगरी विस्मायाधिबोधक पनि एक पटक आएको छ। सबैभन्दा बढी संयोजक सात पटक आएको छ।

*निर्धारित कथाको सत्ताईसऔं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१२६/१२७ विस्तारै विस्तारै क्रमानुसार सामन्त वर्ग र मैयासाहेबको आर्थिक अवस्था बिग्रँदै गयो।

१२७/१२८ घरका सञ्चित मूल्यवान वस्तुहरू एकएक गरी काठमाडौँका बजारमा बिक्री हुँदै गए तीन वर्षभित्रैमा धेरैजसो मध्यम श्रेणीका सामन्तहरू टाट भएर गए।

१२८/१२९ एक दिन अजयले थाहा पायो कि मैयासाहेबका लोग्ने आफ्नो घर पर्यन्त बेची विदेसिना लागेका छन् केही अवशेष पुजी लिएर बाहिर कुनै बन्द व्यापार गर्ने उनको योजना छ।

*तालिका नं २७*

*निर्धारित कथाको  सत्ताईस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १२६/१२७ | संयोजक | र |
| १२७/१२८ | स्थानिक | घरको |
| | स्थानिक | काठमाण्डौ |
| | स्थानिक | बजारमा |
| | संयोजक | र |
| | कालक्रमिक | ३ वर्ष |
| १२८/१२९ | कालक्रमिक | एक दिन |
| | संयोजन | कि |
| | सार्वनामिक | आफ्नो |
| | स्थानिक | घरपर्यन्त |

| | | |
|---|---|---|
| | स्थानिक | विदेशी |
| | स्थानिक | बाहिर |
| सार्वनामिक | उनको | |

निर्धारित तालिकाको वाक्य सङ्ख्यामा १२६/१२७ मा संयोजन एकपटक आएको छ भने वाक्य सङ्ख्या १२७/१२८ मा स्थानिक तीन पटक, संयोजन एक पटक र कालक्रमिक एक पटक मात्र आएको छ त्यसैगरी वाक्य सङ्ख्या १२८/१२९ मा कालक्रमिक एक पटक, संयोजन एक पटक, सर्वनामिक दुई पटक स्थानिक तीन पटक आएको छ। सबैभन्दा बढी स्थानिक तीन पटक आएको छ। सबैभन्दा बढी स्थानिक तीन पटक आएको छ।

*निर्धारित कथाको अट्ठाईसऔं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१२९/१३० अनि एक दिन अप्रत्यासित रूपमा ऊ मैयासाहेबको घर पुग्यो। १३०/१३१ बैठक कोठामा दैन्य स्पष्ट थियो। १३१/१३२ मैया साहेबका गहना लुगा परिच्छदहरूमा पनि हिनताको छाप थियो। १३२/१३३ त्यो नारी जो एक दिन अत्यन्त महियामायी देखा परिरहेकी थिई, हालै सिनेमा हलमा पनि महियामायी नै देखिरहेकी थिई आज एउटी अवश, उज्रिएकी उदास नारीदेह थिई। १३३/१३४ अजयलाई देख्नेबित्तिकै एउटा शुष्क हासो हासेर मैयासाहेबले भनिन्, 'आएछौ, आऊ बस, प्रशन्न भएको छु, अजय। अब हामी आफ्नो देश छोडेर जान लागेका छौँ; तिमीसित अब भेट हुने छैन अथवा कुन्नि कहिले हुनेछ सम्झन गाह्रो छ। १३४/१३५ निःसंकोच भएर भन्दछु आज तिम्रो स्वागत गर्न अरू पनि असमर्थ नभए पनि तिमीलाई केही ख्वाउने, आदर गर्ने इच्छा लागेन। १३५/१३६ तर त्यसको जरुरत पनि छैन भन्ने तिमीले सम्झेकै हौलाऊ।

१३६/१३७ प्रचूर आदर, स्वागत पाइसकेका छौँ, तिम्रो र मेरो निम्ति यो कुनै नयाँ कुरो होइन त तर ...

*तालिका नं २८*

*निर्धारित कथाको अट्ठाइस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक शब्द |
|---|---|---|
| १२९/१३० | कालक्रमिक | एक दिन |
| सार्वनामिक | ऊ | |
| | स्थानिक | घरमा |

| | | |
|---|---|---|
| १३०/१३१ | स्थानिक | कोठामा |
| १३१/१३२ | संयोजन | पनि |
| १३२/१३३ | सार्वनामिक | त्यो |
| | कालक्रमिक | एक दिन |
| | कालक्रमिक | हालै |
| | स्थानिक | सिनेमा हल |
| | संयोजक | पनि |
| | संयोजक | पनि |
| | संयोजन | नै |
| | कालक्रमिक | आज |
| | कालक्रमिक | अब |
| १३३/१३४ | सार्वनामिक | हामी |
| | सार्वनामिक | आफ्नो |
| | सार्वनामिक | तिमी |
| | कालक्रमिक | अब |
| | संयोजन | अथवा |
| १३४/१३५ | कालक्रमिक | आज |
| | सर्वानामिक | तिम्रो |
| | संयोजन | पनि |
| | संयोजन | पनि |
| | सार्वनामिक | तिमी |
| १३५/१३६ | संयोजन | तर |
| | सार्वनामिक | त्यस |
| | सार्वनामिक | तिमी |
| १३६/१३७ | सार्वनामिक | तिम्रो |
| | संयोजन | र |
| | सार्वनामिक | मेरो |
| | सार्वनामिक | मेरो |
| | सार्वनामिक | यो |

विश्मयाधिबोधक तर ।

निर्धारित तालिकाको वाक्य सङ्ख्या १२९/१३० मा कालक्रमिक, सार्वनामिक, स्थानिक एक/एक पटक आएको छ । त्यसैगरी वाक्य सङ्ख्या १३०/१३१ मा स्थानिक एक पटक मात्र आएको छ । वाक्य सङ्ख्या १३१/१३२ मा संयोजन एक पटक मात्र आएको छ । वाक्य सङ्ख्या १३२/१३३ मा सार्वनामिक एक पटक, कालक्रमिक चार पटक, स्थानिक एक पटक र संयोजन दुई पटक आएको छ । त्यसैगरी वाक्य सङ्ख्या १३३/१३४ मा सार्वनामिक तीन पटक, कालक्रमिक एक पटक, संयोजन एक पटक आएका छन् ।

त्यसैगरी वाक्य सङ्ख्या १३४/१३५ मा कालक्रमिक एक पटक, सार्वनामिक एक पटक, संयोजन दुई पटक र सार्वनामिक एक पटक आएको छ । सबैभन्दा बढी संयोजन दुई पटक आएको छ ।

*निर्धारित कथाको उनान्तीसऔ  अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१३७/१३८.अजयले कुरो काट्दै सोध्यो, 'होइन हजुरहरू किन विदेशिन लाग्नुभएको; यदि यहीँ बसेर पनि त आम्दानी हुने कुनै काम गर्न सकिन्थ्यो ।'

१३८/१३९ एउटा खिन्न हाँसो हाँस्दै तर कुनै महान पीरलाई अन्तरमा थिच्दै मैयासाहेबले भनिन्, 'अजय । आम्दानी नै सबैथोक होइन, बाँच्नु-मर्नु पनि खास कुरो होइन; तर बाँच्नु छ भने अन्यत्रै गएर मरौँला, आफ्नो वर्गको पिर खपौँला, हाम्रो पाप भोगौँला; भोग्नुपर्ने पनि हो । किन्तु आज यी कुरा जान दिऊ, बिदाको अन्तिम बेलामा एउटा कुरो सोध्नु छ र ज्ञानको होइन कि हृदयको उत्तर देऊ ।

१३९/१४०. आज त्यो उत्तर नसुनी विदेशमा मर्नु पनि असफल भएर जाला अजय, धेरै सहेँ, अब सहने शक्ति नभएर सोधिरहेको छु, के तिमीले पनि मलाई माया नै गरेका थियौ ?

*तालिका नं २९*

*निर्धारित कथाको उनान्तीस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १३७/१३८ | प्रश्नवाचक | किन ? |
| | स्थानिक | यदि |
| | संयोजन | पनि |
| | निपात | त |
| १३८/१३९ | संयोजन | तर |

| | | |
|---|---|---|
| | संयोजन | नै |
| | विपरितार्थ | बाँच्नु/मर्नु |
| | संयोजक | पनि |
| | संयोजन | नै |
| | विपरीतार्थी | बाँच्नु/मर्नु |
| | सार्वनामिक | आफ्नो |
| | सार्वनामिक | हाम्रो |
| | श्रुतिसंमभिन्नार्थ | खेपौला/भोगौला |
| | संयोजक | किन्तु |
| १३९/१४० | कालक्रमिक | आज |
| | सार्वनामिक | यी |
| | कालक्रमिक | अन्तिम बेला |
| | संयोजन | र |
| | कालक्रमिक | आज |
| | सार्वनामिक | त्यो |
| | स्थानिक | विदेशमा |
| | कालक्रमिक | अब |
| | संयोजन | नै |
| | प्रश्नवाचक | के |
| | सार्वनामिक | तिमी |
| | संयोजन | पनि |
| | सार्वनामिक | मलाई |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १३७/१३८ मा प्रश्नवाचक, स्थानिक, संयोजन, निपात एक/एक पटक आएको छ। वाक्य सङ्ख्या १३८/१३९ मा संयोजन पाँच पटक आएको छ, विपरीतार्थी दुई पटक आएको छ, सार्वनामिक दुई पटक र श्रुतिसंमभिन्नार्थ एक पटक आएको छ।

वाक्य सङ्ख्या १३९/१४० मा कालक्रमिक चार पटक आएको छ, संयोजन तीन पटक आएको छ भने स्थानिक र प्रश्नवाचक एक/एक पटक आएको छ।

***निर्धारित कथाको तीसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण***

१४०/१४१ प्रश्न सुनेर अजय हतबुद्धि भएर टोलाउन लाग्यो ।

१४१/१४२ यो कस्तो सर्वनाशी प्रश्न हो, र के आजसम्मका सारा अतितका प्रामाणिक व्यर्थता यसले सिद्ध गर्न लागेको हो कि ? अजयले सम्हाल्ने नसकेर भन्यो यो कस्तो प्रश्न हो, बिन्ति छ, भानिबक्सोस् यो कस्तो प्रश्न हो, मलाई कहाँ पुऱ्याउने प्रश्न हो ?

१४२/१४३ अजयको नजिकै आई हात समाती मैयासाहेबले भनिन्, दुःख लिनु र उद्धिग्न हुनु पर्दैन, अजय । यतिमात्र बहान, के तिमीले माया गरेका थियौं ?

१४३/१४४ यसलाई झन् सहन नसकेर अजयले भन्यो, 'माया गरेको थिएँ भन्न पर्दैन । के त्यही दिएर अझसम्म सम्पूर्णतःःव्यर्थ हुन गएको, जन्म लिनु नै असफल हुन गएको होइन र ?१४४/१४५ हरे । त्यसो भए मलाई किन पाएनौ, किन प्राप्त गरेनौ ? पुरुष भएर पनि त्यति कायरता अंगाली प्रेमको दाबा गर्ने अपदार्थ मलाई किन छोड्यौ, अधिकारपूर्वक बल गरेर किन खोसी लिएनौ ?'

*तालिका नं ३०*

*निर्धारित कथाको  तिस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १४०/१४१ | ... | ... |
| १४१/१४२ | सार्वनामिक | यो |
| | प्रश्नवाचक | कस्तो |
| | संयोजन | र |
| | प्रश्नवाचक | के |
| | कालक्रमिक | अझसम्म |
| | सार्वनामिक | यसले |
| | निपात | कि |
| | सार्वनामिक | यो |
| | प्रश्नवाचक | कस्तो |
| | पुनरावृति | प्रश्न हो/प्रश्न हो |
| | सार्वनामिक | मलाई |
| | प्रश्नवाचक | कहाँ ? |
| १४२/१४३ | स्थानिक | नजिकै |
| | संयोजान | र |

| | | |
|---|---|---|
| | प्रश्नावाचक | के |
| | सार्वनामिक | तिमी |
| | सार्वनामिक | यसलाई |
| | प्रश्नवाचक | के |
| १४३/१४४ | कालक्रमिक | अझसम्म |
| | संयोजन | नै |
| १४४/१४५ | विस्मयाधिबोधक | हरे |
| | सार्वनामिक | मलाई |
| | प्रश्नवाचक | किन |
| | प्रश्नवाचक | किन |
| | पुनरावृत्ति | किन/किन |
| | संयोजन | पनि |
| | सार्वनामिक | मलाई |
| | प्रश्नवाचक | किन |
| | प्रश्नवाचक | किन |
| | पुनरावृत्ति | किन/किन |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १४०/१४१ मा कुनै पनि सम्बद्धको प्रयोग नभएको हो/छ भने १४१/१४१ मा सार्वनामिक चार पटक आएको छ भने त्यसैगरी प्रश्नवाचक पनि चार पटक नै आएको छ, कालक्रमिक एक पटक आएको छ, निपात एक पटक आएको छ र पुनरावृत्ति पनि एक पटक नै आएको छ। त्यसैगरी वाक्य सङ्ख्या १४२/१४३ मा स्थानिक एक पटक, संयोजन एक पटक, प्रश्नवाचक दुई पटक र सार्वनामिक दुई पटक आएको छ। वाक्य सङ्ख्या १४३/१४४ मा कालक्रमिक र संयोजन एक पटक आएको छ, त्यसैगरी वाक्य सङ्ख्या १४४/१४५ मा विस्मयाधिबोदक एक पटक ,सार्वनामिक दुई पटक, प्रश्नवाचक चिन्न चार पटक, पुनरावृत्ति दुई पटक आएको छ, संयोजन एक पटक आएको छ र सबैभन्दा प्रश्नवाचक चिन्ह चार पटक आएको छ।

*निर्धारित कथाको एकतिसौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१४६/१४७ कस्तो हत्याकारी सोधाइ हो प्राडाको, होइन कि जीवनकै अझसम्म बाँचेको र अब जति बाँच्नु पर्ने तेसैको हत्या गर्ने प्रश्न ... । अजय कि.कर्तव्यविमूढ चुप टोलाई नै रह्यो ।

१४७/१४८ मैयासाहेबले हारी थाकेकी जस्ती भएर मन्द स्थिर स्वरमा भनिन्, 'प्रेम गरेको थियो, साहस नभएर त्यो प्रेम भएन । यद्यपि साहसलाई पनि अनेक प्रकारले उकास्ने चेष्टा कैयौँ पटक घोचेर मैले गरेँ, तर तिमीमा बिजाडु नै नभएर त्यसले वास्तबिक रूप नै पाएन । मन मारी बसे र आजन्म त्यही सम्झी नै रहें तथा आज प्रष्ट भयो । खै, यही नै पुर्पुरोमा थियो, नत्र आज यो मैयासाहेब यस्तरी अपदार्थ हुनुपर्ने कारण आउँदैनथ्यो ।

१४८/१४९ हुन्छ, प्यारालाई प्राप्त बनाउन सकेनौ भने अब आजीवन त्यसको व्यर्थता नै सम्झिराख ।'

*तालिका नं ३१*

*निर्धारित कथाको एकतिस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १४६/१४७ | प्रश्नवाचक | कस्तो |
| | संयोजन | कि |
| | कालक्रमिक | अझ |
| | संयोजन | र |
| | कालक्रमिक | अब |
| | संयोजन | तर |
| | सार्वनामिक | त्यो |
| | संयोजक | तर |
| | सार्वनामिक | त्यो |
| | संयोजक | यद्यपि |
| | संयोजन | पनि |
| | कालक्रमिक | कैयोपटक |
| | सार्वनामिक | तिमी |
| | संयोजन | तर |
| | सार्वनामिक | तिमीमा |
| | संयोजन | नै |
| | सार्वनामिक | त्यसैले |
| | संयोजन | नै |
| | संयोजन | र |

| | | |
|---|---|---|
| | कालक्रमिक | आजन्म |
| | संयोजक | तथा |
| | कालक्रमिक | आज |
| | निपात | खै |
| | सार्वनामिक | यदि |
| | संयोजन | नै |
| | संयोजन | नत्र |
| | कालक्रमिक | आज |
| १४८/१४९ | संयोजन | मनै |
| | कालक्रमिक | अब |
| | सार्वनामिक | त्यसको |
| | संयोजन | नै |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १४६/१४७ मा प्रश्नवाचक एक पटक, संयोजन तीन पटक र कालक्रमिक दुई पटक आएको छ, सबैभन्दा बढी तीन पटक संयोजन आएको छ ।

त्यसैगरी वाक्य सङ्ख्या १४७/१४८ मा संयोजन दश पटक आएको छ, सार्वनामिक सात पटक आएको छ, कालक्रमिक चार पटक आएको छ, निपात एक पटक आएको छ, सबैभन्दा बढी संयोजन दश पटक आएको छ । त्यस्तैगरी वाक्य सङ्ख्या १४८/१४९ मा संयोजन दुई पटक, कालक्रमिक एक पटक, सार्वनामिक एक पटक आएको छ, यो वाक्य सङ्ख्यामा संयोजन दुई पटक आएर बढी प्रयोग भएको छ ।

*निर्धारित कथाको बत्तीसऔं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१४९/१५० एक छिनसम्म भयानक निखरता त्यहाँ व्याप्त भयो ।

१५०/१५१ त्यसपछि मैयासाहेबले लामो सास फेरेर भनिन्- अजय, अब जाऊ, प्रवासका लागि मलाई धेरै काम छ ।

१५१/१५२ तिमी मोटरमा आएका छौं, हिँड बाहिरसम्म पुऱ्याइदिऊँ ।'

१५२/१५३ ढोका बाहिर हुने बाटोमा अलि रोकिएर मैयासाहेबले आफ्नो हातको एक मात्र मूल्यवान हिराको औंठी झिकी अजयको औंलामा लाउने चेष्टा गर्न लागेको देखेर उसले

भन्यो, 'यो के गरिबक्सेको ? यस्तो रित्तो अवस्थामा के आज पनि ... आज यसको समय छ र ? यो ... ।'

*तालिका नं ३२*

*निर्धारित कथाको  बत्तीस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुकता शब्द |
|---|---|---|
| १४९/१५० | कालक्रमिक | एक छिनसम्म |
| | सार्वनामिका | त्यहाँ |
| १५०/१५१ | स्थानिक | त्यसपछि |
| | कालक्रमिक | अब |
| | सार्वनामिक | मलाई |
| १५१/१५२ | सार्वनामिक | तिमी |
| | स्थानिक | मोटरमा |
| | स्थानिक | बाहिरसम्म |
| १५२/१५३ | स्थानिक | ढोकाबाहिर |
| | स्थानिक | बाटोमा |
| | सार्वनामिक | आफ्नो |
| | सार्वनामिक | उसले |
| | सार्वनामिक | यो |
| | प्रश्नवाचक | के |
| | प्रश्नवाचक | के |
| | कालक्रमिक | आज |
| | संयोजन | पनि |
| | सार्वनामिक | यसको |
| | कालक्रमिक | समय |
| | निपात | र |
| | सार्वनामिक | यो |

निर्धारित तालिकाको वाक्य सङ्ख्यामा १४९/१५० मा कालक्रमिक र सार्वनामिक एक पटक आएको छ, त्यसैगरी १५०/१५१ मा सार्वनामिका एक पटक, स्थानिक र कालक्रमिक एक-एक पटक आएको छ । त्यसैगरी वाक्य सङ्ख्या १५१/१५२ मा सार्वनामिका एक पटक, स्थानिक दुई पटक आएको छ भने वाक्य सङ्ख्या १५२/१५३ मा स्थानिक दुई

पटक, सार्वनामिक पाँच पटक, प्रश्नवाचक दुईपटक, कालक्रमिक दुइँ पटक, संयोजन एक पटक, निपात एक पटक आएका छन् भने सबैभन्दा बढी आएको सार्वनामिक सम्बद्धक हो ।

*निर्धारित कथाको तेत्तीसऔ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१५३/१५४ कुरा काट्दै मैयासाहेबले भनिन्- 'अजय परदेशमा अवश्वमेय कुनै आपत्तिमा यसले किञ्चित सहायता गर्न सक्थ्यो; तर यो नभएर पाएको कुनै दुःखमा यो सम्झने बाटो नथुन कि औंठीलाई मैले अन्तिम चिह्नो बनाएर अजयलाई दिएर आएको छु ।

१५४/१५५ 'म जहाँ छु, सकेसम्म मलाई त्यहीँ नै रहन देऊ न, अजय ।'

*तालिका नं ३३*

*निर्धारित कथाकोख तेत्तीस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १५३/१५४ | स्थानिक | परदेश |
| | सार्वनामिक | यसले |
| | संयोजन | तर |
| | सार्वनामिक | यो |
| | संयोजन | तर |
| | सार्वनामिक | यो |
| | सार्वनामिक | यो |
| | स्थानिक | बाटो |
| | संयोजन | कि |
| | कालक्रमिक | अन्तिम |
| १५४/१५५ | सार्वनामिक | म |
| | सार्वनामिक | मलाई |
| | स्थानिक | त्यही |
| | संयोजन | नै |
| | निपात | नै |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १५३/१५४ मा स्थानिक दुई पटक आएको छ, सार्वनामिक दुई पटक आएको छ, संयोजन र कलाक्रमिक एक-एक पटक आएको छ ।

सबैभन्दा बढी आउने सम्बद्धक सार्वनामिक सम्बद्धक हो । वाक्य सङ्ख्या १५४/१५५ मा सार्वनामिक दुई पटक, स्थानिक, संयोजन र निपात एक-एक पटक आएका छन् । सबैभन्दा बढी आउने सार्वनामिक सम्बद्धक नै हो ।

*निर्धारित कथाकोचौतिसऔं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

१५५/१५६ अवाक, हतबुद्धि अजयले मौन नै रही मैयासाहेबको अनुहारमा दृष्टि गढाई गर्दै हेर्‍यो । र, त्यस महिमामयी नारीको अवलोकन सहन नपाएर अनि टप-टप-टप अवाध भावले उसको आँसु नझरी रहेन् ।

१५६/१५७ वातावरण एकदम स्तब्ध थियो र बाहिर तथा भित्रका सन्धिस्थलको मध्यढोकामा दुई प्राणीका शरीर मात्र उभेर आफ्ना सासद्वारा आर्द्रताको अर्घ्यद्वारा त्यसको साक्षीत्व गरिरहेका थिए । जसले एउटा प्रेमार्द्ध तर पानीदार आर्द्रताको अर्घ्यद्वारा त्यसको साक्षीत्व गरिरहेका थिए जसले एउटा प्रेमार्द्ध तर पानीदार हृदयको महान् परिव्यप्तताले त्यस निरावतालाई गहुँगो बनाइरहेको थियो ।

*तालिका नं ३४*

*निर्धारित कथाको चौतिस अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १५५/१५६ | संयोजक | नै |
| | स्थानिक | अनुहारमा |
| | संयोजन | र |
| | सार्वनामिक | त्यस |
| | संयोजन | अनि |
| | पुनारावृत्ति | टप/टप |
| | अनुकरणात्मक | टप/टप |
| १५६/१५७ | संयोजन | र |
| | स्थानिक | बाहिर |
| | संयोजन | तथा |
| | स्थानिक | भित्रका |
| | स्थानिक | मध्यढोकामा |
| | सार्वनामिक | आफ्ना |

| | |
|---|---|
| सार्वनामिक | त्यसको |

निर्धारित तालिकाको वाक्य सङ्ख्या १५५/१५६ मा संयोजक तीन पटक आएको छ, स्थानिक एक पटक आएको छ, सार्वनामिक एक पटक आएको छ भने पुनरावृत्ति एक पटक र अनुकरणात्मक पनि एक पटक मात्र आएको छ भने वाक्य सङ्ख्या १५५/१५६ मा सबैभन्दा बढी संयोजन तीन पटक आएको छ ।

त्यस्तै गरेर वाक्य सङ्ख्या १५६/१५७ मा संयोजन दुई पटक आएको छ, स्थानिक दुई पटक आएको छ, सार्वनामिक दुई पटक आएको छ । यहाँ तीनखाले सम्बद्धक सबै बराबरी रूपमा आएका छन् ।

## अभ्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### *सारांश*

प्रस्तुत शोधमा कथाकार भवानी भिक्षुद्धारा लिखित मैया साहेबको कथा शीर्षात्मक कथाको सङ्कथन, विश्लेषण गरिएको छ । प्रस्तुत पाठलाई अनुच्छेदगत रूपमा वर्गीकरण गरी त्यहाँ रहेका सम्बन्धकहरूको पहिचान र विश्लेषण गरिएको छ । उल्लेखित पाठ भित्र भाषिक जोर्नी वा सम्बद्धकको रूपमा स्थानिक, कालिक, सार्वनामिक, निपात, संयोजक, विपरितार्थी पुनरावृत्ति सम्बद्धकले अभिव्यक्तिलाई शिलशिलावद्ध रूपमा जोड्ने काम गरेको छ । प्रस्तुत कथाको अध्ययन पश्चात निम्नउल्लेखित निष्कर्ष निकालिएको छः-

### *निष्कर्ष*

- मैया साहेव कथामा सानाठूला गरी जम्मा १५७ वटा वाक्य रहेकाछन् ।
- प्रस्तुत कथा छोटा र लामा गरी जम्मा ३४ वटा तालिका रहेकाछन् ।
- प्रस्तुत कथामा सार्वनामिक, स्थानिक, कालिक, सार्वनामिक, निपात, संयोजक, विपरितार्थी पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएकोछ ।
- प्रस्तुत कथामा सबै भन्दा बढी सार्वनामिक सम्बद्धक र कम मात्रामा विपरितार्थी सम्बद्धकको प्रयोग गरिएको छ ।
- प्रस्तुत कथामा प्रयोग भएका स्थान जनाउने प्रयुक्त शब्दहरू सिनेमाहलमा, कोठामा, कतै तिर देशमा जस्ता शब्दले कथा अन्य कथाहरू भन्दा भिन्न हुन पुगेको छ ।

### *सुझावहरू*

प्रस्तुत शोध अध्ययनमा स्नातकोत्तर अध्यापन गरिने अनिवार्य नपाली अन्तर्गत सबैको नेपाली पाठ्यपुस्तकमा समाबेश गरिएको छ/मैयासाहेब कथाको संकथनविश्लेषण का आधारमा गरिएको छ/ अध्ययन पश्चात् प्राप्त परिणामका आधारमा हेर्दा निम्न सुझावहरू पेश गरिएको छ ।

साहित्यिक कृतिहरुमा कम्तिमा पाच , छ वाक्यमा अनुचे अनुच्छेदहरु निर्माण गर्दा संकथन विश्लेषणका अधिकांश संशक्तिहरुको प्रयोग हुन सक्ने साथै उक्त कृति समेत उत्कृष्ट बन्न सक्ने देखिन्छ ।

संकथन विश्लेषण का निम्ति बाक्यहरु माध्यम हुनुपर्ने रहेकोमा प्रस्तुत कथाका कुनै वाक्य धेरै ठुला कुनै वाक्य साना साना रहेको पाइयो त्यस्तामा विश्लेषणका क्रममा सम्बन्धकहरु छुट्ने सम्भावना रहन्छन⁄यसका निम्ति मध्यम खालका वाक्यहरु संकथन विश्लेषण साथै अध्यनका निम्ति पनि सहज रा सरल हुदा सुबोध्य बन्न सक्ने देखिन्छ ।

*उपयोगिता*

प्रयोगिक भाषा विज्ञानको एउटा नवीनतम् शाखाका रूपमा सङ्कथन विश्लेषण रहेको छ। यसले कृतिको भाषिक संरचनाको आर्थिक पक्षको अध्ययन गर्दछ । तसर्थ प्रस्तुत अध्ययनले सङ्कथन विश्लेषण सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संघसंस्था आदिलाई मार्गनिर्देशन गर्न सहयोग गर्दछ । शोध अध्ययनको उपादेयता, नीतिगत तहमा प्रयोग अथवा कार्यान्वयन तहमा रहने हुनाले यसको उपादेयतालाई निम्नानुसार छुट्टाछुटै रूपमा प्रस्तुत गरिएको छ।

*नीतिगत तह*

नीतिगत तह भनेको योजना तथा नीति नियम बनाउने तह हो । प्रस्तुत शोध अध्ययनले पाठ्यक्रम निर्माण गर्ने निर्माताहरूलाई सहयोग पुग्ने देखिन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूलाई सङ्कथनका दृष्टिले उपयुक्त प्रकारका कृतिहरू, लेखहरू र रचनाहरू छनोट गर्न सहयोग पुग्दछ । साथै उक्त पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा सङ्कथनका दृष्टिले अनुपयुक्त तथा स्तरहीन लेखकहरू, रचनाहरू छनोटबाट उत्पन्न हुने आलोचना र समय, श्रम र आर्थिक क्षतिलाई कम गरी निर्माण गर्ने तहमा रहेका व्यक्तिहरूलाई प्रत्यक्ष रूपले फाइदा पुग्न जाने देखिन्छ ।

*कार्यान्वियन तह*

कार्यान्वय तह भन्नाले यहाँको प्रयोग तह भन्ने बुझिन्छ। यहाँ प्रयोग भन्नाले पाठ्यपुस्तक लेखक, शिक्षक तथा विद्यार्थीको तह भन्ने बुझिन्छ। तसर्थ पाठ्यपुस्तक लेखन, विद्यार्थीहरू तथा शिक्षकहरूलाई सङ्कथन सम्बन्धी भरपर्दो ज्ञान हुनु अति आवश्यक छ । सङ्कथन सम्बन्धी अध्ययन र अध्यापनका क्रममा देखापरेका कठिनाइहरूलाई हटाउन सहयोग गर्नु देखिन्छ । उनीहरूलाई सङ्कथनका बारेमा विस्तृत ज्ञान हासिल गर्न र सफलता प्राप्त गर्न यस सङ्कथनले सहयोग पुयाउने देखिन्छ ।

*भावी अनुसन्धान पक्ष*

कथाकार भवानी भिक्षुद्वारा रचना गरिएको गुनकेसरी, मैयासहेब, आवर्त, अवान्तर कथासङ्ग्रहमा सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताका लागि निम्नलिखित आधारमा आधारमा छानिएको शीर्षक उपयुक्त हुन सक्छन् ।

कुनै पनि साहित्यिक पत्रपत्रिकामा भएको साहित्य विद्याको सङ्कथन विश्लेषण

परालको आगो संग्रहको सङ्कथ विश्लेषण,

मातृत्व कथा  संग्रहको सङ्कथन विश्लेषण

'म को हुँ ? 'निबन्धको सङ्कथन विश्लेषण

# सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०७४), ***सामाजिक र प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : रत्न पुस्तकभण्डार ।

घिमिरे, एकराज (२०७४), ***जय भोली निबन्धको सङ्कथन विश्लेषण,*** इटहरी : जनता बहुमुर्खि क्याम्पस ।

घिमिरे, विकास (२०७४), ***सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विश्लेषण,*** इटहरी : जनता बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०६९/७०), ***प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,*** काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज, दाहाल, दुर्गाप्रसाद (२०६९), ***सामान्य र प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं :एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने, दिपक, घिमिरे, तुलसीराम (२०६९), सामान्य भाषाविज्ञान ।

पौडेल, माधवप्रसाद (२०६९), ***प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,*** काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

भट्टराई, अन्शु (२०७६), ***कोक्रो कथाको सङ्कथन विश्लेषण,*** इटहरी : जनता बहुमुखी क्याम्पस ।

भण्डारी, विद्यादेवी (२०७२), ***अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण,*** इटहरी : जनता बहुमुखी क्याम्पस ।

सापकोटा, मञ्जु (२०७४), ***कविताको परिशिष्ट निबन्धको सङ्कथन विश्लेषण,*** इटहरी : जनता बहुमुखी क्याम्पस ।

## व्यक्तिवृत्त

**सबिना सिग्देल**

जन्ममिति : २०४३/०९/१४

आमाको नाम : देवी सिग्देल

बुबाको नाम : हेमराज सिग्देल

लिङ्ग : महिला

जात : ब्राम्हण

धर्म : हिन्दु

वैवाहिक स्थिति : विवाहित

पतिको नाम : शक्तिराज रेग्मी

स्थायी ठेगाना : इनरूवा-३

अस्थायी ठेगाना : ईनरूवा-३

सम्पर्क नं. : ९८४२०८८४२४/०२५-५६५९८४

राष्ट्रियता : नेपाली

**कार्यरत संघसंस्था :**

इनरुवा नगरपालिका ३ न. वडा महिला सदस्य

कार्यरत संघ संस्थाहरु : नारी साझा मञ्च नेपाल (सचिव)

हाम्रो साझा अभियान (कोषाध्यक्ष)

महिला जागृति संस्था (सचिव)

जीवन विज्ञान प्रशिक्षक

| **क.सं.** | **तह** | **संस्था** | **वर्ष** | **डिभिजन** |
|---|---|---|---|---|
| १. | एस.एल.सी. | एस.एल.सी. बोर्ड अफ नेपाल | २०५८ | दोस्रो |
| २. | आई. ए. | त्रि. वि. | २०६१ | दोस्रो |
| ३. | वि. ए. | त्रि. वि. | २०६६ | उत्तीर्ण |
| ४. | एक वर्षे वि.एड. | त्रि. वि | २०७२ | उत्तीर्ण |